
# लेखापरीक्षण प्रतिवेदन

# बर्दिबास नगरपालिका, महोत्तरी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बर्दिबास नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/182

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
बर्दिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
महोत्तरी।

## कैफियतसहितको राय

हामीले बर्दिबास नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वार्षिक प्रतिवेदनले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८ करोड ८७ लाख २३ हजार, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रु. ३० लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ करोड ६६ लाख ८९ हजार र महामारी रोग नियन्त्रण कार्यक्रमको रु. ४ लाख ३२ हजार समेत रु.३० करोड ८८ लाख ४४ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. ४३ करोड ७० लाख ५ हजार, समपूरक अनुदान रू. ६६ लाख र विशेष अनुदान रू. ८९ लाख ९० हजारसमेत रू. ४५ करोड २५ लाख ९५ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ४५ करोड २५ लाख ९५ हजार बचत रहेको छ । उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३. नगरपालिकाले प्रदेश सरकारबाट समपूरक अनुदान रू. २० लाख र विशेष अनुदान रू. ३० लाख समेत रू.५० लाख प्राप्त गरी खर्च गरेको छ ।

४.बर्दिबास नगरपालिकाको रु. २ अर्ब ५४ करोड ६३ लाख ९३ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ८७ लाख ४५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २७ हजार प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १८ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९० लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५८ लाख ८६ हजार र पेस्की बाँकी रु. १९ लाख २९ हजार समेत यस वर्ष रू. २ करोड ८७ लाख १८ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ४९ करोड ३४ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्र्यौट एवं यस वर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ५१ करोड २३ लाख ६४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

५.नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५५ | ११८ | २,८७,४४,९०३ | ० | २ | २७,२९२ | ० | ५५ | ११६ | २,८७,१७,६११ | १८,७१,२१८ | १,५८,८५,६५१ | ९०,३१,५४२ | ० | ० | २,४९,१७,१९३ | १९,२९,२०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | ४९,००,३४,००० | ० | ६३,८७,६२४ | ४८,३६,४६,३७६ | ० | २,८७,१७,६१६ | ५१,२३,६३,९९२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७०.३ | पारिश्रमिक कर कट्टी | २७२९२.० |
| २ | २०७९/८० | ५५.१ | मूल्य अभिवृद्धि कर | २२१००.० |
| ३ | २०७९/८० | ६९ | बढी ग्रेड भुक्तानी | ६५८२०.० |
| ४ | २०७९/८० | ६० | आई.सि.टि भवन निर्माण | ३९२०४१२.० |
| ५ | २०७८/७९ | ५९.३<br>५९.४<br>५९.५ | शिक्षा तर्फ | १७९७१५६.० |

| | | | | |
|---|---|---|---|---|
| | | ५९.६<br>५९.७<br>५९.८ | | |
| ६ | २०७८/७९ | ७०.१ | दर विश्लेषणबाट हुने दरभन्दा बढि भुक्तानी | ५८२१३६.० |
| | | | जम्मा | ६४१४९१६.० |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

# (८०२१८४०३३०० - बर्दिबास नगरपालिका, महोत्तरी )

# परिचय

१ **परिचय**

**(क) परिचय- स्था**नीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ३१५.६ वर्ग किलोमिटर तथा ६६३५८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । लेखापरीक्षण अवधि २०८१।०५।०४ देखि २०८१।०५।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय रु.१,२४,६५,०३,५५६।३८ र व्ययतर्फ रु. १,२९,९८,८९,५७०।८ समेत गरी रु.२,५४,६३,९३,१२७।१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **लेखापरीक्षण**

**लेखापरीक्षण** - यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

## ३ वित्तीय विवरणको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७0 (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति निम्नानुसार रहेको छ :

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७०

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | २१, ९२ , ४८ , ८९५.०९ | २१, ९२ , ४८ , ८९५.०९ | १९, ८४ , ३३ , १०२.५५ | १९, ८४ , ३३ , १०२.५५ |
| १३००० | अनुदान | ५६, २८ , ५३ , ३६९.६८ | ५६, २८ , ५३ , ३६९.६८ | ६१, ४३ , ६० , २७०.१८ | ६१, ४३ , ६० , २७०.१८ |
| १४००० | अन्य राजस्व | २, ९८ , ८४ , ७६०.३६ | २, ९८ , ८४ , ७६०.३६ | ३, ५७ , ३२ , ४७३.९३ | ३, ५७ , ३२ , ४७३.९३ |
| १५००० | विविध प्राप्ति | १९, ५० , ०००.०० | १९, ५० , ०००.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ८१, ३९ , ३७ , ०२५.१३ | ८१, ३९ , ३७ , ०२५.१३ | ८४, ८५ , २५ , ८४६.६६ | ८४, ८५ , २५ , ८४६.६६ |
| २ | चालु | ५७, ५० , ५५ , ०१७.०५ | ५७, ५० , ५५ , ०१७.०५ | ५५, ९९ , ५० , ६६६.७५ | ५५, ९९ , ५० , ६६६.७५ |
| २१००० | पारिश्रमिक / सुविधा | २९, १६ , ०२ , ६७१.७० | २९, १६ , ०२ , ६७१.७० | १६, २२ , ०४ , ७६९.७४ | १६, २२ , ०४ , ७६९.७४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२, ४७ , ५१ , ८४८.३५ | १२, ४७ , ५१ , ८४८.३५ | १२, ०४ , ६२ , ६५६.०१ | १२, ०४ , ६२ , ६५६.०१ |
| २५००० | सहायता (Subsidy) | १३, ०१ , ४२ , ४५८.०० | १३, ०१ , ४२ , ४५८.०० | २६, ३० , ०६ , ७७४.०० | २६, ३० , ०६ , ७७४.०० |
| २७००० | सामाजिक सुरक्षा | १, ३८ , २७ , १५१.०० | १, ३८ , २७ , १५१.०० | ९०, ५३ , १३४.०० | ९०, ५३ , १३४.०० |
| २८००० | अन्य खर्च | १, ४७ , ३० , ८८८.०० | १, ४७ , ३० , ८८८.०० | ५२, २३ , ३३३.०० | ५२, २३ , ३३३.०० |
| ४ | पूंजीगत | ३२, ८० , ३३ , ५९१.४७ | ३२, ८० , ३३ , ५९१.४७ | ३९, ८१ , ०५ , ०६२.३६ | ३९, ८१ , ०५ , ०६२.३६ |
| ३१११० | भवन तथा संरचना | ८०, ४५ , ९५४.२२ | ८०, ४५ , ९५४.२२ | ९९, ६९ , ९८५.०० | ९९, ६९ , ९८५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | १, ७२ , ०४ , ०७५.०० | १, ७२ , ०४ , ०७५.०० | १, ०५ , ४९ , ५३८.०० | १, ०५ , ४९ , ५३८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४, ७५ , ४१ , ३८२.०० | ४, ७५ , ४१ , ३८२.०० | ३, ३० , २३ , ८६७.३२ | ३, ३० , २३ , ८६७.३२ |
| ३११५० | सार्वजनिक निर्माण | २४, २० , ०० , ६२४.२५ | २४, २० , ०० , ६२४.२५ | ३३, ८२ , ४९ , ०८८.०४ | ३३, ८२ , ४९ , ०८८.०४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ७, ०० , ०००.०० | ७, ०० , ०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १, २४ , ८३ , ०८२.०० | १, २४ , ८३ , ०८२.०० | ५६, १२ , ५८४.०० | ५६, १२ , ५८४.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ७, ५८ , ४७४.०० | ७, ५८ , ४७४.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ९०, ३० , ८८ , ६०८.५२ | ९०, ३० , ८८ , ६०८.५२ | ९५, ८० , ५५ , ७२९.११ | ९५, ८० , ५५ , ७२९.११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | (८ , ९१ , ५१ , ५८३.३९) | (८ , ९१ , ५१ , ५८३.३९) | (१० , ९५ , २९ , ८८२.४५) | (१० , ९५ , २९ , ८८२.४५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २, ८० , ९५ , ४६७.८४ | २, ८० , ९५ , ४६७.८४ | (३७ , ०६ , ४४८.४४) | (३७ , ०६ , ४४८.४४) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | ०.३ | ०.३ | -४०८. | -४०८. |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (६ , १० , ५६ , ११५.५५) | (६ , १० , ५६ , ११५.५५) | (११ , ३२ , ३६ , ३३०.८९) | (११ , ३२ , ३६ , ३३०.८९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३४, ९४ , १४ , ०३७.०६ | ३४, ९४ , १४ , ०३७.०६ | ४६, २६ , ४९ , ९५९.९५ | ४६, २६ , ४९ , ९५९.९५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २८, ८३ , ५७ , ९२१.५१ | २८, ८३ , ५७ , ९२१.५१ | ३४, ९४ , १३ , ६२९.०६ | ३४, ९४ , १३ , ६२९.०६ |

कार्यालयले तयार गरी पेश गरेको एकिकृत आय-व्ययको विवरण

| | शिर्षक | आम्दानी | जम्मा | शिर्षक | खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ३३५४१४५२५.७४ | चालु खर्च | ५७५०५५०१७.०५ | |
| | बैंक मौज्दात(संचित कोष खाता) | २८२७७१३४८.२७ | | पुँजिगत खर्च | ३२८०३३५९१.४७ | |
| | विभाज्यकोष खाता मौज्दात | २५८७६१६९.०१ | | | | ९०३०८८६०८.५२ |
| | प्रकोप व्यवस्थापन कोष मौज्दात | १४३७९७८०.९६ | | अनुदान फिर्ता | | ४९०६३५२२.३२ |
| | धरौटी मौज्दात | १२३८७२२७.५० | | ससर्त अनुदान संघ | ४४९७३५२२.३२ | |
| | विविध कोष खाता मौज्दात | | १०८४४०४०.०० | समपुरक अनुदान संघ | १००००००.०० | |
| | कर्मचारी कल्याण कोष | २७३१५६६.०० | | विशेष अनुदान संघ | ३९९००००.०० | |
| | मर्मत संभार कोष | ६७४२४७४.०० | | समपुरक अनुदान प्रदेश | ०.०० | |
| | महिला तथा बालविकास कोष | ४४५०००.०० | | ससर्त अनुदान प्रदेश | ०.०० | |
| | मानव संसाधन कोष(अपाङ्ग सहयोग कोष, औषधी उपचारकोष) | ९२५०००.०० | | विशेष अनुदान प्रदेश | ०.०० | |
| | विविध खर्च खाता मौज्दात | | ३१५५४७१.३९ | विविध कोष खाता | | ३२१९२३९६.२१ |
| | युनिसेफ चाइल्ड हेल्थ प्रोग्राम | ४७०२९.४० | | प्रकोप व्यवस्थापन कोष | १०२९५२१०.०० | |
| | अस्पताल विकास कार्यक्रम | ७३००.०० | | विभाज्य कोष बाँडफाँड | १९४५५७७१.२१ | |
| | खानेपानी तथा सरसफाइ कार्यक्रम | ३३५६३.९० | | धरौटी फिर्ता | २४४१४१५.०० | |
| | PLGSP | ५२४६.५० | | | | |
| | स्वास्थ्य बिमा बोर्ड | १६१७४.५२ | | विविध खर्च खाता | | ४४४८५०१.०० |
| | GPE kix अन्तर्गत समता र समावेशिता कार्यक्रम | ४०५.०० | | PLGSP | ३८६२४६.४८ | |
| | युनिसेफ हेल्थ कार्यक्रम | ८८६४.०७ | | अस्पताल विकास कार्यक्रम | ७३००.०० | |
| | युनिसेफ वास कार्यक्रम | १२२२५३३.०० | | युनिसेफ हेल्थ कार्यक्रम | ०.०० | |
| | युनिसेफ विपद कार्यक्रम | ९२२३००.०० | | स्वास्थ्य बिमा बोर्ड | १६१७४.५२ | |
| | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको लागि पुन एकिकरण कार्यक्रम | ८९२०५५.०० | | GPE kix अन्तर्गत समता र समावेशिता कार्यक्रम | ४०५.०० | |
| २ | राजश्व बाँडफाँड | | २०३९११०५१.८७ | युनिसेफ वास | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम | | |
| | राजस्व बाँडफाँड संघिय सरकार | १३३००७४६७.९८ | | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको लागि पुन एकिकरण कार्यक्रम | ८९२०५५.०० | |
| | राजस्व बाँडफाँड प्रदेश सरकार | १६८८१७३९.०० | | सडक बोर्ड | २५२७२२०.०० | |
| | राजस्व बाँडफाँड स्थानिय सरकार | ५४०२१८४४.८९ | | युनिसेफ विपद कार्यक्रम | ६१९१००.०० | |
| ३ | संघिय अनुदान | | ६०२२३२३००.०० | | | |
| | समानिकरण अनुदान | १४९६३७०००.०० | | विविध कोष खाताको खर्च | | २२५१६३७.०० |
| | ससर्त अनुदान | ४३७००५३००.०० | | मर्मत संभार कोष | २२००६३७.०० | |
| | समपुरक अनुदान | ६६००००००.०० | | महिला तथा बालविकास कोष | ०.०० | |
| | विशेष अनुदान | ८९९००००.०० | | मानव संसाधन विकास कोष | ५१०००.०० | |
| ४ | प्रदेश सरकार अनुदान | | १७२४३०००.०० | | | |
| | समानीकरण अनुदान | १२२४३०००.०० | | | | |
| | ससर्त अनुदान | ०.०० | | अन्तर सरकारी अख्तियारी तर्फको खर्च | | ३०८८४४९०५.४५ |
| | समपुरक अनुदान | २००००००.०० | | सामाजिक सुरक्षा तथा संरक्षण | २८८७२३२०६.०० | |
| | विशेष अनुदान | ३००००००.०० | | नगर प्रशासनिक भवन | ३००००००.०० | |
| | | | | माहामारी रोग नियन्त्रण कार्यक्रम | ४३२०००.०० | |
| | | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६६८९६९९.४५ | |
| ५ | आन्तरिक स्रोत | ४७२८४२९७.०८ | ४७२८४२९७.०८ | | | |
| ६ | कोषहरु | | ५९५२३८६८.०० | जम्मा खाता अनुसार बैंक मौज्दात | | २९६०२८०२२.७१ |
| | प्रकोप व्यवस्थापन कोष | ६०९६६५६.०० | | बैंक मौज्दात संचित कोष | २०१२८९८६६.०८ | |
| | धरौटी कोष | ३९३२३४२.०० | | धरौटी खाता | १३८७८१५४.५० | |
| | विभाज्य कोष | ४८५९४८७०.०० | | प्रकोप व्यवस्थापन कोष | १०१८१२२६.९६ | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला तथा बाल विकास कोष | १०००००.०० | | विविध कोष कोष खाता | ९४९२४०३.०० | |
| | मर्मत संभार कोष | ०.०० | | विविध खर्च खाता | ६१७११०४.३७ | |
| | कर्मचारी कल्याण कोष | ८०००००.०० | | विभाज्य कोष खाता | ५५०१५२६७.८० | |
| | मानव संसाधन कोष(अपाङ्ग सहयोग कोष, औषधी उपचारकोष) | ०.०० | | | | |
| | विविध खर्च खाता | | ७४६४१३३.९८ | | | |
| | PLGSP | ३८०९९९.९८ | | | | |
| | सडक बोर्ड | ७०८३१३४.०० | | | | |
| ७ | अन्तर सरकारी अख्तियारी | | ३०८८४४९०५.४५ | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | २८८७२३२०६.०० | | | | |
| | नगर प्रशासनिक भवन | ३००००००.०० | | | | |
| | माहामारी रोग नियन्त्रण कार्यक्रम | ४३२०००.०० | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६६८९६९९.४५ | | | | |
| | | | | | | |
| | जम्मा | | १५९५९१७५९३.५१ | जम्मा | | १५९५९१७५९३.२१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरणको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६/०२/१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४०८।०० , यस वर्षको प्राप्ति रु.४३२५६६५३०।८७ ,यस वर्षको भुक्तानी रु.३९६८००९६२।०० र बैङ्क मौज्दात रु.३५७६५९७७.८७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म ले प फा नं २७० (म.ले.प.फा.नं.२७०) | ३४९४१३६२९ | ८१३९३७०२५.१३ | ९०३०८८६०९ | २६०२६२०४५.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३४९४१४०३७ | १२४६५०३५५६ | १२९९८८९५७१ | २९६०२८०२३ |
| फरक | ४०८ | ४३२५६६५३०.८७ | ३९६८००९६२ | ३५७६५९७७.८७ |

४.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२८,८७,२३,२०६।००, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम को रु.३०,००,०००।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,६६,८९,६९९।४५ र महामारी रोग नियन्त्रण कार्यक्रमको रु.४३२०००। ०० समेत रु.३०,८८,४४,९०५।४५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २०,१२,८९,८६६.०८ | २०,१२,८९,८६६.०८ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ६१,७१,१०४.३७ | ६१,७१,१०४.३७ | ० |
| विपद व्यवस्थापन खाता | १,०१,८१,२२६.९६ | १,०१,८१,२२६.९६ | ० |
| स्थानीय विभाज्य कोष | ५,५०,१५,२६७.८० | ५,५०,१५,२६७.८० | ० |
| स्थानीय विविध कोष खाता | ९४,९२,४०३.०० | ९४,९२,४०३.०० | ० |
| धरौटी | १,३८,७८,१५४.५० | १,३८,७८,१५४.५० | ० |
| ग१.१ आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | | | 0 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

५ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा नं ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरूमा गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दीगो विकास र वातावरणीय संरक्षण र भाषिक एवं सांस्कृतिक विकास उल्लेख गरेको छ। सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल ३७९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मको योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | २०६ | ४३ | ६६ | ९७ |
| २ | वडा स्तरीय | १७३ | ० | ५२ | १२१ |
| | जम्मा | ३७९ | ४३ | ११८ | २१८ |

उपर्युक्त विवरण अनुसार पालिकाले रु. ५ लाख भन्दा कमका २१८ वटा योजनामा बजेट विनियोजन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिको खर्चमा समेत वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुन नसक्ने हुन्छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये रु १० करोड ७ लाख ९५ हजारका ७१ वटा योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा योजनाको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १ | आर्थिक विकास | ५३४१३ | ३४६८७ | २.७८ |
| २ | सामाजिक विकास | ५८७१७७ | ५०१६८९ | ४०.२१ |
| ३ | पूर्वाधार विकास | ३६९४४९ | १९२४०५ | १५.४२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५७०० | ४७५५ | ०.३८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २३२०२७ | १६९५५२ | १३.५९ |
| | जम्मा | १२४७७६६ | ९०३०८८ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.२१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ०.३८ प्रतिशत खर्च भएको छ । क्षेत्रगत रुपमा सन्तुलित हुने गरी बजेट विनियोजन एवं खर्च

गर्नुपर्दछ ।

७ **कानून कार्यान्वयन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, २ वटा नियमावली, ३५ कार्यविधि, ६ निर्देशिका, १ नीति, २ मापदण्ड लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

८ **न्यायीक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३२ र यो बर्ष थप भएको ९३ गरी कुल १२५ विवाद दर्ता भएकोमा ५२ वटा मात्र फछर्यौट भई ७३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको समेत देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री तारादेवी महतोले मिति २०८०/०३/१० गते रु.१ अर्ब ५ करोड १९ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/१० मा पारित भएको छ । त्यसैगरी स्थानीय तहका प्रमुखले २०८०/०४/०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

११ **अबण्डा बजेट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्नानुसार रु.१ करोड ७३ लाख ९८ हजार अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा रु.१ करोड ३ लाख ७५ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गर्ने गरेको देखियो । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिताको परिपालनामा समेत कठिनाई हुने हुनाले ऐनको व्यवस्था अनुसार बजेट तथा कार्यक्रम सभाबाट पारित गराई खर्च गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| कार्यक्रम | बजेट | खर्च | कैफियत |
|---|---|---|---|
| मागमा आधारित साना पूर्वाधार योजना | १,००,००,००० | ८८,८७,००० | २० वटा योजनामा खर्च गरेको |
| जगेडा कोष | ७०,००,००० | १२,६३,००० | २ वटा योजनामा खर्च गरेको |
| मागमा आधारित कार्यक्रम | ९०,००० | १५,००० | |
| मागमा आधारित अन्य कार्यक्रम | ३,०८,००० | २,१०,००० | |
| जम्मा | १,७३,९८,००० | १,०३,७५,००० | |

१२ **खर्च बिश्लेषण :**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१०,१३,०६,१४१।९७, राजस्व बाँडफाँड र अनुदानबाट रु.७६,९३,६४,५०६।९८ समेत रु.८७,०६,७०,६४८।९५ आम्दानी भएकोमा चालु तर्फ रु.५७,५०,५५,०१७।०५ र पूँजिगत तर्फ रु.३२,८०,३३,५९१।४७ समेत रु.९०,३०,८८,६०८।५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २९.०५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२८,५५,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ४.८९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.०४ प्रतिशत चालु र ३७.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

| कुल खर्च ( पुजिंगत ) | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिना को खर्च |
| ३२८०३३ | १९७३४ | २८९३६ | ९४६९२ | १८४६७१ | ९७८७३ |
| प्रतिशत | ६.०२ | ८.८२ | २८.८६ | ५६.३० | २९.८४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३२ करोड ८० लाख ३३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ९७ लाख ३४ हजार अर्थात ६.०२ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.२ करोड ८९ लाख ३६ हजार अर्थात ८.८२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.९ करोड ४६ लाख ९२ हजार अर्थात २८.८६ प्रतिशत र चौथो त्रैमासिकमा रु. १८ करोड ४६ लाख ७१ हजार अर्थात ५६.३० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ७८ लाख ७३ हजार अर्थात २९.८४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

१४ **पेश्की फस्यौट :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक बिल भरपाई र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फस्यौट गर्नुपर्ने र ढिलो गरेकोमा नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की

फस्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाको गत वर्ष सम्मको पेश्की बाँकी रु ७७,९६,११९।०० रहेकोमा यो वर्ष म्याद नाघेको पेश्की रु.१९,१६,२००।०० र म्याद ननाघेको पेश्की रु.८०,८४,०००।०० गरी रु.१,००,००,२००।०० समेत हालसम्मको पेश्की बाँकी रु.१,७७,९६,३१९।०० रहेको देखाएको छ। गत वर्षसम्म बाँकी रहेको पेश्की रु. ७७,९६,११९।०० नियमानुसार फछौट गर्नुपर्दछ। पालिकाले यो वर्षको म्याद नाघेको पेश्की बाँकी रु.१९,१६,२००।०० आर्थिक वर्षको अन्त्यसम्म फछ्र्योट नगरेकोले म्याद नाघेको पेश्की नियमानुसार पेश्की फस्यौट गर्नुपर्ने रु.

यसको विस्तृत विवरण यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १९,२९,२०० |

१५ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.३०,४४,९०१।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १०,१३,०६,१४१।९७ को ३ प्रतिशत हुन आउछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्यलाई मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढगंबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन ।

• निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नापी गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन प्रतिवेदन पेश गरेको पाईएन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१७ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ ।

स्थानीय तहले देहायबमोजिम सफ्टवेयर खरिद गरी रु.१८,३२,४६९।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र सं | सफ्टवेयर जडान भएको वर्ष | सफ्टवेयरको विवरण | सेवा प्रदायकको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७७।७८ | राजस्व व्यवस्थापन सूचना प्रणाली | इको प्लस प्रा लि | ६, ०९ , ८३८।०० |
| २ | ०७८।७९ | घर नक्सा सम्बन्धी सफ्टवेयर | फिनिक्स सोलुशन प्रा लि | १, ०९ , ०००।०० |
| ३ | ०७८।७९ | राजस्व व्यवस्थापन सूचना प्रणाली | सांग्रिला इनफरमेटिक्स प्रा लि | २, ६४ , ९४०।०० |
| ४ | ०७९।८० | राजस्व व्यवस्थापन सूचना प्रणाली | सांग्रिला इनफरमेटिक्स प्रा लि | २, ६४ , ९४१।०० |
| ५ | ०७९।८० | घर नक्सा | फिनिक्स सोलुशन प्रा लि | ७९, १६५।०० |
| ६ | ०८०।८१ | न्यायिक समिति | त्रिभुज डिजाइन एण्ड डेभलपमेन्ट प्रा लि | २, ४९ , ७३०।०० |
| ७ | ०८०।८१ | महिला बालबालिका | निन्जा इन्फोसिस प्रालि | १, ६९ , ५००।०० |
| ८ | ०८०।८१ | राजस्व व्यवस्थापन सूचना प्रणाली | सांग्रिला इनफरमेटिक्स प्रा लि | १, ३२ , ४६९।०० |
| जम्मा | | | | १८, ३२ , ४६९।०० |

१८ **बढी भुक्तानी** - (१७-२०८१-२-१८):

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटरसम्म हुने व्यवस्था छ । नगरपालिकाले देहायका योजनाहरुमा बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.७ लिटर प्रति वर्गमिटरको दरले भुक्तानी गरेकोले पालिकाले स्पेसिफिकेसनले तोकेको माथिल्लो स्प्रे दरभन्दा रू.५५५९५।०० बढी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु......................

| ठेक्का नं | भौचर नं | योजना | निर्माण व्यवसायी | परिमाण(हुनुपर्ने) | भुक्तानी भएको परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ठेक्का नं BM/NCB/Works/2080/081-07 | १७। २०८१। ०२।०८ | चेरूजोर बाटो सनि पेटिदेखि पंचधुरा मा.वि.सम्म सडक निर्माण | युनि ग्लोबल कन्स्ट्रक्सन प्रा. लि.60321343 | ३,३३६ | ३,८९२ | ५५५.९५ | १०० | ५५५९५।०० |
| | | | जम्मा | | | | | ५५५९५।०० |

| असुल गर्नुपर्ने | ५५,५९५ |
|---|---|

१९ **गत विगतको पेश्की-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्योट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत बर्ष दिएको निम्नानुसार

मोविलाइजेशन वापत दिएको पेश्की हालसम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार निर्माण कार्य सम्पन्न गराई पेश्की फछ्र्यौट गराउनु पर्दछ ।

| निर्माण व्यवसायी | योजना | पेश्की बाँकी रकम |
|---|---|---|
| जि.एस.निर्माण सन्सार कम्पनी प्रा.लि. | आधुनिक फोहोर मैला व्यवसथापन केन्द्र निर्माण | ६६०९००.०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | चक्र बहादुर तोइ सिँहको घरदेखि सिरान सम्म सडक ढलान | १६८०००.०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | बनपा ५ गडन्ता जाने दोबाटो ढुंग्रे गाउँ जाने बाटो कालो पत्रे | १०००००.०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | माईस्थान बरडाडा सडक कालो पत्रे | ९४०००.०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | मोहन मार्ग ससस्त्र क्याम्प हुदै झ्याकुले टोल सम्म सडक कालो पत्रे | १६८०००.०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | लोकमार्ग देखि दक्षिण जनता मा वि सम्म कालो पत्रे | २००००००.०० |
| | जम्मा | ३१९०९००.०० |

२० **नन्फाईलर -**

आयकर ऐन २०५८ को दफा ९६ मा करदाताले आय वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आर्थिक विवरण दाखिला गर्नुपर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । देवीरमण कन्स्ट्रक्सन प्रा लि (३०१४७०१८२)लाई मू.अ.कर रु.७४६१५४।४४ समेत रु. ६४८५८०४।०० भुक्तानी दिएकोमा २०८० दोस्रो त्रैमासिक देखि लेखापरीक्षण अवधिसम्म पनि यो फर्म मूल्य अभिवृद्धी कर विवरण नबुझाई नन्फाईलर रहेको पाइएकोले मूल्य अभिवृद्धी कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४६,१५४.४४ |

२१ **आई. सि. टी. भवनः-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने तथा सोही नियमावलीको नियम १२० मा खरिद सम्झौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले निर्माण व्यवसायी ज्ञान ज्योति बिल्डर्स प्रा.लि (६०५९२७२२९) संग मिति २०७९।०३।मसान्तसम्म आई. सि. टि. सेन्टर निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।०६।०८ गते रु २८२४८८४५।४२ (मु अ कर समेत) मा सम्झौता गरेकोमा आठौं रनिङ्ग बिलसम्म रु.२४३२२९१६। ५८(मु अ कर समेत) भुक्तानी भएकोमा तोकेको समयमा कार्य सम्पन्न नगरी पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी दुई पटक गरी मिति २०८१।०२।३० सम्मको लागि म्याद थप भएपनि लेखापरीक्षणको मिति २०८१।०५।१० सम्म खरिद सम्झौताको BOQ वमोजिम नभई काम सम्पन्न भएको नदेखिएकोले काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई थप जिम्मेवार बनाउनु पर्ने देखिन्छ । उक्त भवनको फोटो तस्बिर देहाय अनुसार छ ।



## २२ कामममा ढिलाई तथा म्याद थप

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका योजनाहरु मिति २०८०।०६।१५ सम्म सम्पन्न गर्ने गरी मिति २०७९।०१।१५ गते सम्झौता भएकोमा तोकेको समयमा कार्य सम्पन्न नगरी हालसम्म निर्माण कार्य सम्पन्न तथा म्याद थप समेत गरेको देखिएन । पालिकाले उक्त योजनाहरु सार्वजनिक खरिद ऐन तथा सम्झौता वमोजिम म्याद थप गरी निर्माण कार्य फरफारक गरिनु पर्दछ ।

| ठेक्का नं | योजना | सम्झौता मिति | कार्यसम्पन्न हुनुपर्ने मिति | सम्झौता रकम | भुक्तानी रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| NCB/Works/BM/20७८/७९-०३ | बनपा ५ गढन्ता जाने दोबाटो ढुंग्रे गाँउ जाने बाटो कालोपत्रे | २०७९।१।१५ | २०८०। असोज १५ सम्म | 4,140,291.47 | 1,514,168.00 | 36.57 |
| NCB/Works/BM/20७८/७९-०१ | चक्र ब. तोइसिङको घरदेखि सिरान बाँके टोलको अधुरो कालोपत्रेदेखि कृषि कलेजसम्म र चौलिखा स्कुलको अधुरो कालोपत्रेदेखि खोला सम्म सडक कालोपत्रे | २०७९।१।१५ | २०८०। असोज १५ सम्म | 4,165,100.76 | 1,093,410.00 | 26.25 |
| NCB/Works/BM/20७८/७९-०४ | बनपा ४ गुम्बाबाट नयाँ टोल जाने सडक कालोपत्रे | २०७९।१।१५ | २०८०। असोज १५ सम्म | 3,325,350.39 | 1,196,263.00 | 35.97 |
| NCB/Works/BM/20७८/७९-०५ | माईस्थान बरडाँडा कालोपत्रे | २०७९।१।१५ | २०८०। असोज १५ सम्म | 3,325,350.39 | 1,174,363.00 | 35.32 |
| NCB/Works/BM/20७८/७९-06 | मोहन मार्ग ससस्त्र क्याम्प हुँदै झ्याकुले टोल सम्म सडक कालोपत्रे | २०७९।१।१५ | २०८०। असोज १५ सम्म | 4,165,100.76 | 1,507,600.00 | 36.20 |
| NCB/Works/BM/20७7/७8-08 | लोकमार्ग देखि दक्षिण जनता मा वि सम्म कालो पत्रे | | | 21,023,234.13 | 11,889,866.95 | 56.56 |
| | | | | | | |
| | जम्मा | | | 40,144,427.90 | 18,375,670.95 | 45.77 |

२३ **कार्य स्वीकार प्रतिवेदन -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण गरिएको संरचनाको उद्येश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम १२५ मा निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ डिजाईन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरी उक्त निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण कार्यको नाम | निर्माण व्यवसायीको नाम | सम्पन्न रकम |
|---|---|---|---|
| 11/Works/NCB/BM/0७5/076 | कोल्ड स्टोर निर्माण | सिनर्जी । ज्ञान ज्योती जे.भी ६०८३१६५२३ | ५९४८५५८२.२५ |

२४ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा

बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र सम्पन्न मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२५ **नन्फाईलर -**


मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । युनि ग्लोबल कन्स्ट्रक्सन प्रा लि (६०३२१३४३६) फर्मलाई मू.अ.कर रु.५०७१०४ समेत रु. ४४०७९०४।०० भुक्तानी दिएकोमा २०८० दोस्रो त्रैमासिक देखि लेखापरीक्षण अवधिसम्म पनि यो फर्म मूल्य अभिवृद्धी कर विवरण नबुझाई नन्फाईलर रहेको पाइएकोले मूल्य अभिवृद्धी कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०७,१०४ |

२६ **नगरपालिका प्रशासनिक भवन निर्माण** -

नगरपालिकाले ठेक्का नं BM/NCB/२०७७/७८/Works-24 अन्तर्गत नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री ए एम/पाईनस/ओम निलकण्ठेश्वर जे भीसँग मिति २०८०।०५।२६ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।०५।२७ गते रू. ९३७२४१८७।०८(मू.अ.कर समेत) मा सम्झौता भएकोमा नवौं रनिङ्ग बिलसम्म रु. ५२१८३२५३।८०(मू.अ.कर समेत) भुक्तानी भएकोमा उक्त ठेक्काको सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

२६.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी श्री ए एम/पाईनस/ओम निलकण्ठेश्वर जे भीसँग मिति २०८०।०५।२६ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।०५।२७ गते रू. ९३७२४१८७।०८(मू.अ.कर समेत) भएकोमा नवौं रनिङ्ग बिलसम्म रु. ५२१८३२५३।८०(मू.अ.कर समेत) अर्थात सम्झौता रकमको ४९.२७ प्रतिशत मात्र वित्तीय खर्च भएकोमा तोकेको समयमा कार्य सम्पन्न नगरेकोले मिति २०८०।११।१९ को पत्रबाट बढीमा मिति २०८१ भाद्र मसान्तसम्मको लागि म्याद थप भएपनि लेखापरीक्षण मिति २०८१ भाद्र मसान्तसम्म निर्माण कार्य अधुरै रहेको देखियो । सम्झौताको अवधि समाप्त भए पश्चात र म्याद थप समेत भइसकेको अवस्थामा पनि निर्माण कार्य सम्पन्न नगरेकोले सम्झौताको शर्त बमोजिम एवं सार्वजनिक खरिद ऐन तथा नियम वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।


२६.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गर्नुपर्ने व्यवस्था छ । पालिकाको नाममा जग्गा धनी पूर्जा भएको ०-२-१०-०(२ कठ्ठा १० धुर) रहेको र हाल भोगचलन गरेको १-१५-०-०(१ विगाहा १५ कठ्ठा) जग्गा समेत कुल १ विगाहा १७ कठ्ठा १० धुरमा लागत अनुमान रु ६८२१६१८।४३(जनश्रमदान समेत) भएको कम्पाउण्ड वालको लागि रु ३१८८५१२।८६ भुक्तानी भएको छ ।नगरपालिकाले आफ्नो नाममा जग्गाको स्वामित्व प्राप्त नगर्दै कम्पाउण्ड वाल लगाउनु र ४ वटा ब्लकमा प्रशासकिय भवन निर्माण गर्न रु १५२२५५७३५।१७ (मु अ कर समेत) को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री A.M./Painus/Om Nilkantheshwor J.V. (६१६६२७९६९) सँग रु १०५९०८३३१।४०(मु अ कर समेत) मा खरिद सम्झौता गरी नवौं रनिङ्ग बिलसम्म रु ५२१८३२५३।८० भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले आफ्नो नाममा उक्त जग्गाको स्वामित्व प्राप्त नहुँदै ४ वटा प्रशासनिक भवनको ब्लक निर्माणको ठेक्का वन्दोवस्त गर्नु, स्वामित्व यकिन नभएको स्थानमा कम्पाउण्ड वाल लगाई रकम खर्च गर्नु त्रुटीपूर्ण रहेकोले निर्मित संरचनाको संरक्षणको लागि तथा खर्च गरि सकेका अवस्थामा लगानीको प्रतिफल प्राप्त गर्नको लागि उक्त जग्गा नगर पालिकाले आफ्नो नाममा कायम गर्नेतर्फ शीघ्र कदम चाल्नुपर्दछ ।

२६.३ उक्त निर्माण कार्यको BOQ आइटममध्ये रेट निगोसिएसन गरी Brickwork(1:4) को कामको लागि निर्माण व्यवसायीले कबोल गरेको प्रतिघनमिटर रु ९०००।०० रहेकोमा उक्त कामको लागि रु ८६४८।३६ को दरले भुक्तानी गर्ने गरी कार्यपालिकाको निर्णय (निर्णय नं २) भएको देखिन्छ । पालिकाले नवौं रनिङ बिल बमोजिम २१०।२८ घनमिटर कामको लागि रु८६४८।३६ को दरले भुक्तानी हुनुपर्नेमा

रु ९०००।०० प्रतिघनमिटरको दरले भुक्तानी गर्दा प्रतिघनमिटर रु ३५१।६४ को दरले रु ७३९४३।०० बढी भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,९४३ |

२६.४ आयकर ऐन २०५८ को दफा ९६ मा करदाताले आय वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आर्थिक विवरण दाखिला गर्नुपर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीसंग कारोवार गरेकोमा उक्त फर्म आर्थिक वर्ष २०७८।०७९ देखि आयकरमा तथा २०७९ फाल्गुणदेखि मुल्य अभिवृद्धीकरमा ननफाइलर रहेको पाइयो । उक्त निर्माण व्यवसायीलाई हालसम्म भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु ६३४८५१५।०० सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु..............

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,४८,५१६ |

२७ **जटिल संरचना** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ओभरहेड खानेपानी टंकी निर्माण, भूमीगत सिंचाई, सडक ढलान, डिप बोरिङ्ग, आर.सि.सी. कल्भर्ट, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र द्वारा प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खर्च रकम |
|---|---|---|---|
| ७९८।२०८१।०३।२४ | डिप ट्युवेल ड्रिल बोरिङ्ग निर्माण उ स | डिप ट्युवेल ड्रिल बोरिङ्ग निर्माण | 2,116,415.00 |
| ७८९।२०८१।०३।२४ | वडा नं. ६ मा भूमिगत सिचाई | भूमिगत सिचाई | 1,000,000.00 |
| ५४५।२०८१।०२।३१ | खानेपानी ट्याङ्की निर्माण भब्सी बनपा ३ | खानेपानी ट्याङ्की निर्माण | 1,198,106.00 |
| ५३६।२०८१।०२।२८ | औरही रोडबाट रामनन्द चौक जाने बाटो ढलान | सडक ढलान | 3,156,485.00 |
| ६८५।२०८१।०३।२० | खानेपानी ट्याङ्की निर्माण बनपा ८ | खानेपानी ट्याङ्की निर्माण | 1,056,684.00 |
| ६८७।२०८१।०३।२० | पंचधुरा माई मन्दिर हाता भित्र पोखरी स्तरोन्नती तथा मन्दिर सौन्दर्यीकरण उपभोक्ता समिति | मन्दिर सौन्दर्यकरण | 2,929,580.00 |
| ५०५।२०८१।०२।२२ | डिप ट्युवेल ड्रिल बोरिङ्ग निर्माण उपभोक्ता समिति | डिप ट्युवेल ड्रिल बोरिङ्ग निर्माण | 1,500,000.00 |
| ३२४।२०८०।१२।२५ | लच्का चोकदेखि पुर्व टोकीटोल सम्म पक्की नाला सहित ज.मा.वि.अगाडी स्लाव निर्माण उ स | नाला निर्माण | 3,421,298.00 |
| २५९।२०८०।११।२४ | विर्जु भट्टराइको घर देखि पानि खोल्सी सम्मको उत्तरतर्फ नाला निर्माण उ.स. | नाला निर्माण | 1,904,303.00 |
| २६६।२०८०।११।२७ | पाँचेटोल मोक्तान टोल हुँदै भरतटोल स्कुल जाने सडक ढलान तथा कल्भर्ट निर्माण | कल्भर्ट निर्माण | 2,499,790.00 |
| | जम्मा | | 20,782,661.00 |

२८ **दररेट विश्लेषण -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका योजना उपभोक्ता समिति मार्फत निर्माण कार्यको लागि तयार पारेको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम सडक निर्माण कार्यको लागि भवन विभागको नर्म्स बमोजिम को १:६ को जोडाइमा इट्टाको गारो लगाउने कार्यको लागि उपलब्ध हुने ईट्टाको साईज अनुसार(220X110X65)ले दररेट निर्धारण नगरेकोले देहाय बमोजिम कामको रु ११७०।६७ बढी दरले भुक्तानी भएकोले देहाय बमोजिम रु. ३६८८९०।४५ बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु......................

| Cement sand morter (1:6) | Qty. | Unit | Rate | Amount |
|---|---|---|---|---|
| Skilled | 1.5 | Nos. | 1225 | 1837.5 |
| Unskilled | 2.2 | Nos. | 800 | 1760 |
| Unskilled ( for Scaffolding ) | 0.2 | Nos. | 800 | 160 |
| Brick chimney | 490 | Nos. | 16.724 | 8194.76 |
| Cement | 0.07 | M.T. | 19978.4 | 1398.488 |
| Sand crusher | 0.3 | Cum. | 874 | 262.2 |
| Water | 100 | Ltr. | 0.52 | 52 |
| | 3 % of Scaffolding labour | | | 4.8 |
| | | | | 13,669.75 |

| भौचर नि।मिति | योजना | काम | कामको परिमाण (घनमिटर) | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| ७८३।२०८१।०३।२४ | पालिका भवनको कम्पाउण्ड वाल निर्माण समिति | Cement Sand morter(1:6) | 185.38 | 13,669.75 | 14,840.42 | 1,170.67 | 217,019.18 |
| १८२।२०८०।१०।०८ | सामुदायिक भवनमा कम्पाउण्ड वाल तथा गेट निर्माण | Cement Sand morter(1:6) | 37.81 | 13,669.75 | 14,840.42 | 1,170.67 | 44,263.11 |
| २८।२०८१।०३।२४ | जनता मा वि १२ कोठे भवनको पर्खाल निर्माण उ स | Cement Sand morter(1:6) | 91.92 | 13,669.75 | 14,840.42 | 1,170.67 | 107,608.17 |
| | | | जम्मा | | | | 368,890.45 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६८,८९०.४६ |

२९ **आनुपातिक कट्टी -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नगरपालिका मार्फत सञ्चालित देहायका योजनामा उपभोक्ता समितिलाई सम्झौता बमोजिम तोकिएको प्रतिशतको आधारमा रु ८३६५२०४।८३ भुक्तानी हुनुपर्नेमा रु ८६०३५६३।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु २३८३५८।१७।०० असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु…………………

| गो भौ नं मिति | योजना | लागत अनुमान | जनश्रमदान | कार्यसम्पन्न रकम | श्रमदान हुनुपर्ने | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ४०। २०८०। ०७।०२ | वडा कार्यालय भवन निर्माण वडा नं ६ | 6,038,165.66 | 1,113,165.66 | 5,735,972.11 | 1,057,713.26 | 4,678,258.85 | 4,875,576.00 | 197,317.15 |
| ३७३। २०८१। ०१।१७ | डिपु टोल अधुरो बाटो ढलान निर्माण उ स | 1,477,155.74 | 245,905.74 | 1,444,938.16 | 240,542.40 | 1,204,395.76 | 1,228,197.00 | 23,801.24 |
| २६६। २०८०। ११।२७ | पाँचेटोल मोक्तान टोल हुँदै भरतटोल स्कुल जाने सडक ढलान तथा कल्भर्ट निर्माण | 2,961,602.03 | 461,602.03 | 2,940,930.30 | 458,380.09 | 2,482,550.21 | 2,499,790.00 | 17,239.79 |
| | | जम्मा | | | | 8,365,204.83 | 8,603,563.00 | 238,358.17 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८,३५८.१८ |

३० **स्पेसिफिकेसन भन्दा बढी स्प्रे दर -**

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटरसम्म हुने व्यवस्था छ । नगरपालिकाले देहायका योजनाहरुमा बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.७ लिटर प्रति वर्गमिटरको दरले भुक्तानी गरेकोले पालिकाले स्पेसिफिकेसनले तोकेको माथिल्लो स्प्रे दरभन्दा बढी रू.२८२८१२।३० बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.....................

| ठेक्का नं | भौचर नं | योजना | निर्माण व्यवसायी | परिमाण(हुनुपर्ने) | भुक्तानी भएको परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| NCB/BM/Works/2079/80-2 | ४। २०८०। ०५।२७ | राजमार्ग देखि माइस्थान मन्दिर जानेबाटो कालोपत्रे योजना | धनुषाधाम निर्माण सेवा | 2,202 | 3,148 | 945.70 | 150.00 | 141,855.00 |
| NCB/BM/Works/2079/80-१ | १४। २०८०। ०६।२५ | माइस्थान राजमार्गदेखि गुम्बासम्मको बाटो कालोपत्रे योजना | भुवनेश्वरी निर्माण प्रा ली ३०४३१७२८४ | 1,518 | 1,694 | 176.00 | 134.00 | 23,584.00 |
| NCB/BM/Works/2079/80-४ | २१५। २०८०। १०।१९ | राजमार्गदेखि टुटेश्वर जाने बाटो कालोपत्रे | धनुषाधाम निर्माण सेवा ६००९३२०१३ | 2,884 | 3,364 | 480.27 | 150.00 | 72,040.50 |
| NCB/BM/Works/2079/80-10 | २२३। २०८०। १०।१९ | ब्रम्हदेव महतोको घरदेखि पूर्व नयाँ बजार हुँदै प्रेम नगरसम्म जाने बाटो कालोपत्रे | त्रिवेणी कन्स्ट्रक्सन ३०३६९३८३५ | 1,869 | 2,182 | 312.64 | 145.00 | 45,332.80 |
| | | | जम्मा | | | | | 282,812.30 |

| असुल गर्नुपर्ने | २,८२,८१२.३ |
|---|---|

३१ **परामर्श सेवा :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ बमोजिम सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्ति बाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नु पर्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार आयोजनाको डी.पि.आर गरेको खर्च र कार्यान्वयन अवस्था निम्नानुसार छ। कार्यान्वयनमा जाने एवं कार्यान्वयन गर्न सकिने अवस्थामा मात्र डि.पि..आर. मा खर्च गर्नुपर्ने देखिएको छ ।

| क्र सं | डी. पि . आर गरेको योजनाको नाम | परामर्शदाता | डी. पि . आर गरको बर्ष | डी. पि . आर खर्च रकम | आयोजनाको कुल लागत अनुमान | आयोजनाको हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | हाट बजार निर्माण | ग्रिनटेक कन्सल्टेन्ट प्रा. लि . | २०८०/८१ | १५, ०० , ००० | नखुलेको | संघीय सरकारबाट रु. १ करोड ५० लाख बजेट व्यवस्था भएको । |
| २ | बर्दिबास १० र ११ जोड्ने बर्दिबास नगरपालिका वडा नं ८ अन्तर्गत करमटोकीदेखि खजुरिया जाने बाटोसम्म भब्सी खोलामा झोलुङ्गे पुल, दुंगरे खोला झोलुङ्गे पुल | एस एम इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | २०८०/८१ | २, ६१ , ०६१ | १, १९ , १७ , ५७६। ६६ | संघीय ससर्तबाट रु. १० लाख बजेट प्राप्त भएको |
| ३ | खजुरिया जाने भप्सी खोलामा पक्की पुल निर्माण | स्ट्रक्ट आर्क डिजाइन कन्सल्ट एण्ड एसोसिएट्स | २०८०/८१ | ४, ९१ , ५५० | ३, ३८ , ५५ , ८३२। १२ | नगरपालिकाबाट रु. १ करोड बजेट व्यवस्था भएको । |
| ४ | रामजानकी फन पार्क निर्माण | एक्स्पोजर इन्जिनियरिङ्ग सर्भिस प्रा लि | २०८०/८१ | ८, ४९ , ७६० | ४२, ६९ , ४४ , १५८। ७० | प्रदेश सरकारबाट बजेट माग गरेको । |
| ५ | खयरमारा माइस्थान बर्दिबास खोला भन्दा पूर्व महेन्द्र राजमार्ग भन्दा उत्तरमा भएका बस्ती तथा खेतियोग्य जमिनमा सिंचाई तथा खानेपानीको लागि नविन प्रविधिमा आधारित पानीका स्रोतहरु पहिचान गर्ने | स्वच्छ उर्जा विकास प्रा लि | २०८०/८१ | ४, ९४ , २६२ | - | सुनकोशी मरिण डाईभर्सनबाट पानी ल्याई नगरपालिका क्षेत्रभित्र सिंचाई सुविधा पुर्याउने उद्येश्यले संघीय सरकारबाट आयोजना कार्यन्वयनमा ल्याउन प्रयास भईरहेको । |

३२ **नपुग कर**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौता रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले न्यू एरा कम्प्युटरलाई ईलेक्ट्रोनिक सामान मर्मत वापत सम्झौता गरी परामर्श शीर्षकबाट रु. १,३६,०००।- भुक्तानी गरेकोमा उक्त आपूर्तकले मू.अ. कर समावेश नगरी बिल पेश गरेकोमा पालिकाले १.५ प्रतिशतले हुने रु.२०४०।०० मात्र कर कट्टी गरी भुक्तानी गरेकोले नपुग कर रु.१८,३६०।०० असुल गरी दाखिला गर्नुपर्ने रु.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३६० |

३३ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.२४,७८,८१८।०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख खाता राखेको छैन भने कतिपय कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेका छैनन् । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

३४ **इन्धन खर्चको मापदण्ड**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.५२,८०,३१५।०० इन्धन खर्च गरेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्तीको व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई मितव्ययी तथा पारदर्शि बनाउनु पर्दछ ।

३५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु. ४०,६३,८८२।०० खर्च लेखेको छ । जसमध्ये खाना, खाजा, होटलवास आदिका लागि विभिन्न होटललाई रु.२२,४५,२४५।०० भुक्तानी गरेको छ । त्यसैगरी सभा संचालन कार्यमा रु. १२,९९,२२४।०० खर्च गरेको छ । पालिकाले विविध खर्चलाई मितव्ययी बनाउँदै अनावश्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

३६ **लागत अनुमान तथा मूल्यांकन** (१९९-२०८०-९-३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र सोही ऐनको दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ (ख) मा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं १३ को बिजलपुरा स्वास्थ्य चौकीमा अमानतबाट शौचालय मर्मतको कार्य गराई वडा सचिव जितेन्द्र प्रसाद बराललाई रु.१,२८,४६०।०० मा करकट्टी पछी रु.१,२६,५३३।०० भुक्तानी गरेकोमा लागत अनुमान तयार तथा स्वीकृत गरेको छैन भने सो कामको प्राविधिक नापजाँच समेत गरेको देखिएन । ऐन तथा नियमावलीको व्यवस्थाको पालना नगरी गरेको उक्त कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२६,५३३ |

३७ **रकम फिर्ता** (५८-२०८०-६-१७):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (५) मा कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ६३ मा स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले रातुखोला किसाननगर (ठेक्का नं 01/NCB/BM/IR/2079/80) र जुरेटोल (012/NCB/BM/IR/2079/80) को लागि छनौट भएको विजय निर्माण सेवा बैंक जमानत राखी समयमा ठेक्का सम्झौता गर्न नआएको कारण निजले राखेको बैंक ग्यारेन्टी रु.१९,००,०००।०० जफत गर्नुपर्ने भनी गत वर्ष २०७९।८० को लेखापरीक्षणमा औंल्याएको छ । पालिकाले यस वर्ष बैंक जमानतको म्याद समाप्त भई सकेकोले विभिन्न मितिमा उक्त निर्माण सेवाले नगरपालिकाको खातामा जम्मा गरेको रु.९०,००,०००।०० नगर कार्यपालिकाको मिति २०८०।१।८ को निर्णय अनुसार फिर्ता गर्ने भनी २०८०।६।१७ मा टिप्पणि सदर गरी गो भौ नं ५८।२०८०।६।१७ बाट रु.९०,००,०००।०० फिर्ता गरेको छ । यसरी गत वर्षको लेखापरीक्षणले जफत गर्नुपर्ने भनी औंल्याएको रकम जफत नगरी जमानतको म्याद समाप्त भएको भनी निजले जम्मा गरेको रकमबाट जमानत वापतको रकम कट्टा नगरी एवं के कति फिर्ता गर्नुपर्ने हो यकिन नगरी पुरै रकम फिर्ता गरेको अनियमित देखिएको रु……

| | |
|---|---|
| अनियमित भएको | ९०,००,००० |

३८ **फोहोर मैला व्यवस्थापन**

पालिकाले फोहोर मैला व्यवस्थापनको लागि हिटा हेभि मेसिनरी एण्ड रिसाइकल प्रा लि लाई नगरपालिका चालु खर्चको गो भौ नं २६४।२०८०।९।१८ बाट रु.५,१०,०००खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

३८.१ नगरपालिकाले पालिका भित्रको फोहोरमैला व्यवस्थापनको लागि २०७८/०१/१० मा हिटा हेभि मेसिनरी एण्ड रिसाइकल प्रा.लि. सँग सुरुको ६ महिनासम्म मासिक रु.८५,०००।०० को दरले भुक्तानी गर्ने सो ६ महिनाभित्र वडा नं. ८ स्थित कृषि कार्यक्रमको ३ बिगाहा जग्गामा फोहोर मैला स्रोत परिचालन स्थल (सेड) निर्माण गरी उपलब्ध गराउने र सो पश्चात मासिक रुपमा उपलब्ध गराँउदै आएको फोहोर मैला संकलन वापतको रकम उपलब्ध नगराउने गरी सम्झौता गरेको देखियो । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट उपलब्ध विवरण अनुसार २०७८।७९ मा ५,१०,००० र २०७९/८० मा ८,१०,०००।०० गरी १६ महिना बराबरको रकम उक्त कार्यको लागि खर्च लेखिसकेको देखिन्छ भने यस आर्थिक वर्षमा खर्च लेखेको रु.५,१००,००।०० समेत उक्त प्रा.लि. लाई २२ महिनाको रकम भुक्तानी भएको छ । सम्झौता अनुसार ६ महिना भित्रमा पालिकाले सेड निर्माण गर्नुपर्नेमा पालिकाले सेड निर्माण नगरेको र फोहोर मैला संकलनकर्ताले रकम संकलन गरिराखेको र संकलित रकमको अनुगमन एवं पारदर्सिता सम्बन्धमा पालिकाले उपयुक्त निर्णय नगरेबाट सेवा प्रदायकले के कति रकम असुल गरेको छ र संकलन लागत कति छ सो को पालिकाले हिसाव किताव समेत नराखी र उक्त प्रा.लि. सँग गरेको सम्झौता समेत नवीकरण नगरेको अवस्थामा उक्त प्रा लि सँगको सम्झौता पुनरावलोकन गर्नुपर्दछ ।

३८.२ उक्त प्रा.लि. सँग भएको सम्झौताको सर्त नं २ (ठ) मा पालिकाले मासिक फोहोर व्यवस्थापन सेवा शुल्क जम्मा गर्ने प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने र उक्त प्रा लि ले संकलन गरी जम्मा गरेको रकमबाट नगरपालिकाले नगर सरसफाई तथा हरियाली परिवर्तनका लागि १२ % कट्टा गरी भुक्तानी दिनुपर्ने उल्लेख गरेकोमा उक्त प्रालिले हालसम्म कति रकम संकलन गरेको छ सो को अभिलेख पालिकाले नराखेकोले उक्त प्रा लि ले फहोर मैला व्यवस्थापन शुल्क उठाए/नउठाएको सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले आर्थिक वर्ष २०८०/८१ सम्ममा सेवा ग्राहीबाट के कति रकम प्राप्त गरेको छ छानविन गरी यकिन गर्नुपर्ने र उक्त रकमको १२ प्रतिशत रकम गणना गरी नगर सरसफाई तथा हरियाली परिवर्तनको कार्यमा खर्च गरेको प्राविधिक पुष्ट्याई एवं विश्लेषण गर्नुपर्ने देखिन्छ ।

## ३९ नगर शिक्षकको तलव

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात सम्लग्न गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका ३५ विद्यालयहरुमा नगर शिक्षकको लागि वर्ष भरिमा रु.१,८०,००,०००।०० खर्च लेखेकोमा नगर शिक्षकहरुको अभिलेख तथा माग फाराम सम्लग्न नगरेकोले निकासा भएको रकमका सम्बन्धमा यकिन गर्नसक्ने आधार भएन । यस सम्बन्धमा पालिकाले थप विश्लेषण गरी निकासा भएको रकमका सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ४० **कर्मचारी कल्याण कोष** (४३९-२०८०-११-३०):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले कर्मचारी अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नु पर्ने र स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबको दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.८००,०००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## ४१ ज्यालादारी कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ ।

त्यसैगरी सोही ऐनको दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको अन्य सेवाको प्रयोजनका लागि ज्यालादर तोक्नुपर्ने र श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम दररेटलाई समेत आधार लिनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि विभिन्न पदहरुमा ज्यालादारीमा काम लगाउँदा जुन पदमा काम गराउने हो, सो पदमा नेपाल सरकारले निर्धारण गरेको शुरु तलब स्केललाई २५ ले भाग गर्दा आउने रकमलाई दैनिक ज्याला कायम गर्ने निर्णय गरी पालिका तथा वडाहरुमा सरसफाईकर्मी देखि बाहेक ७५ जना कर्मचारी ज्यालादारीमा राखी वर्षभरिमा रु.२ करोड ९२ लाख १८ हजार भुक्तानी गरेको छ । यसरी २५ दिनले भाग गर्दा आउने रकमलाई दैनिक ज्याला कायम गर्दा बढी खर्च हुने जाने हुनाले दैनिक ज्याला निर्धारण गर्दा ३० दिन (१ महिना) ले भाग गरी कायम गर्नुपर्दछ ।यस सम्बन्धमा छलफल गर्दा साबिक करारमा काम गरिरहेका कर्मचारीलाई ज्यालादारीमा परिणत गर्दा साबिकमा खाइरहेको रकम घटन जाने हुनाले २५ दिनले भाग गरि गणना गरिएको जानकारी दिएको छ । स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार कामको प्रकृति अनुसार दरबन्दी प्रस्ताव गरी स्थायी पदपूर्ति व्यवस्थापन गरी कार्य गराउने तर्फ नगरपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

### ४२ वित्तीय समानीकरणबाट शिक्षकको तलब

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने उल्लेख छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका ३५ विद्यालयको निजी शिक्षकहरुलाई वित्तीय समानीकरण अनुदानबाट रु. ५९,५२,५८२।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दी भन्दा बेगर विद्यालयका निजी श्रोतका शिक्षकलाई नगरपालिकाको आन्तरिक श्रोतबाट तलव भत्ता भुक्तानी गर्नुपर्नेमा वित्तीय समानीकरण अनुदानबाट भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५९,५२,५८२ |

### ४३ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.५२,७१,८२५।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा ईन्जिनियर र अमिन पदमा करार नियुक्ति गरी रु.८९९२१६।०० खर्च गरेको देखियो । दरवन्दि यकिन गरी स्थायी पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### ४४ बढी ग्रेड भुक्तानी

तलबी प्रतिवेदन पारीत गराई पारीत तलवी प्रतिवेदनमा उल्लेख भए अनुसार कर्मचारीलाई मासिक ग्रेड भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय सहयोगी, जय किशोर यादवको पारित तलवी प्रतिवेदनमा निजको ग्रेड २०८१ जेष्ठ महिनामा वृद्धि हुने उल्लेख भएकोमा पालिकाले २०८० श्रावण देखिनै निम्नानुसार ग्रेड भुक्तानी गरेकोले ग्रेड वापत रु. १३,१४०।०० बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु...........

| मासिक ग्रेड रकम | श्रावण देखि वैशाख सम्म बढी भुक्तानी भएको ग्रड संख्या (चाडवाड खर्च समेत) | रकम | १० प्रतिशत संचयकोष | जम्मा |
|---|---|---|---|---|
| १०९५ | ११ | १२०४५ | १०९५ | १३१४०।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१४० |

### ४५ निशुल्क पाठ्यपुस्तक

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.४.६.१ (सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा १ देखि १० का विद्यार्थीका लागि तेस्रो त्रैमासिकभित्र IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गतका विद्यालयहरुको EIMIS मा प्रविष्ट विद्यार्थी संख्याको विवरण सत्यापन गरे/गराएको देखिएन । पालिकाले विद्यालयहरुमा दोस्रो पटक पठाएको अनुदान रकमसँग शैक्षिक सत्र सुरु भएपछि EMIS मा नयाँ भर्ना भएका विद्यार्थीको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण भिडाई हेर्दा यस वेरुजूको दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसार रु.२,७७,२९४।०० बढी अनुदान निकासा भएको देखिएकोले बढी निकासा भएको अनुदान सम्बन्धित विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु……

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७७,२९४ |

४६ **दीवा खाजा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिकाको कृयाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५।०० का दरले १८० दिनसम्मको दिवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMIS मा समावेश भएको बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले IEMIS मा प्रविष्ट विद्यार्थी संख्यालाई आधार मानी दिवा खाजा निकासा गरेको छ । कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यार्थीको वास्तविक संख्या यकिन भएको प्रमाणित कागजात बेगर दिवा खाजाको लागि विद्यालयहरुमा रु.१८२८४७६०।०० निकासा गरेको छ । विद्यालयबाट प्रमाणित विद्यार्थीसंख्याको विवरण लिएर मात्र दिवाखाजा वापतको रकम निकासा गर्नुपर्दछ भने स्थानीय तहले निकासा रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी निकासा गरेको रकमको सुनिश्चितता गर्नुपर्दछ ।

४७ **पढ्दै कमाउँदै कार्यक्रम**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ को ९.२ मा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत स्थानीय तहले २०७८।७९ मा छनौट भएका विद्यालयका लागि रु.५,००,०००।०० निकासा गर्ने उल्लेख छ । पढ्दै कमाउँदै कार्यक्रम संचालन कार्यविधि, २०७८ वमोजिम ससर्त अनुदानको रकम सुरुमा ५० प्रतिशत रकम निकासा दिने र विद्यालयबाट भएको कार्य प्रगतिको नियमित अनुगमन गरी सो को आधारमा बाँकी ५० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले श्री जनता माध्यमिक विद्यालय गौरीडाँडालाई एकै पटक सम्पूर्ण रकम निकासा गरेकोले कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्थाको पालना भएको देखिएन । त्यसै गरी उक्त कार्यक्रम वापत भएको खर्चको विद्यालयले कार्य सम्पन्न गरी रु.४,८९,२१४।०० को मात्र बिल भरपाई पेश गरेकोले बाँकी रकम रु.१०,७८६।०० विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु………..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८७६ |

४८ **बढी तलव निकासा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा शिक्षकको लागि विद्यालयलाई तलव निकासा गर्दा विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी निकासा गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार विद्यालयहरुका राहत

शिक्षकलाई राजिनामा दिएको तथा नियुक्ति भएको मितिभन्दा बढी दिनको रु.४२,१८८।०० बढी तलब भत्ता निकासा गरेकोले सम्बन्धित विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु......

| गो भौ नं | विद्यालयको नाम | शिक्षकको नाम | विवरण | तलव भत्ता गएको | तलव भत्ता निकासा भएको बढी दिन | १ दिनको तलव | रकम |
|---|---|---|---|---|---|---|---|
| ८२।२०८०।१०।४ | श्री माध्यमिक विद्यालय कामीडँडा | निर्मल कुमार काफ्ले | २०८० मंसिर २० मा राजिनामा दिएको | मंसिर महिनाको पुरै | ११ | १६०८ | १७६८८ |
| १३५। २०८०।१२।९ | श्री पञ्चधुरा माध्यमिक विद्यालय चेरु | दिपनारायण महतो | २०८० माघ २१ मा नियुक्ति लिएको | माघ महिनाको पुरै | २० | १२२५ | २४५०० |
| जम्मा | | | | | | | ४२१८८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,१८८ |

४९ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा विद्यालयहरुलाई रु.२३,१२,०००।०० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । तसर्थ, कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको आधारमा निकासा गर्नुपर्दछ ।

५० **सेनिटरी प्याड**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था छ । सामुदायिक विद्यालयमा अध्यायनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीको समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराई, उनीहरुको स्वास्थ्यमा सुधार गरि सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्ने, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र महिनावारी सामग्रीको दिगो विर्सजन तथा पुन: प्रयोग गर्न सकिने सामग्री प्रयोग गर्ने तर्फ उत्प्रेरित गर्न आवश्यक भएकोले यस कार्यक्रम लागू गरेको छ ।

शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरेको कक्षा ६-१२ सम्मका छात्रा संख्या शैक्षिक सत्र २०८० मा ४३९३ जना रहेको उल्लेख छ । प्रति छात्रा मासिक २ पाकेट (प्रति प्याकेट ८ पिस) खरिद गर्नको लागि रु. ४४ लाख ४६ हजार बजेट व्यवस्था भएको देखिन्छ । उक्त खरिद कार्य गर्नको लागि रु. ४२,४०,०००।– मू.अ. कर समेतको लागत अनुमान गरी E-bidding प्रणालीमार्फत खरिद गर्न सूचना प्रकाशन भएकोमा मू.अ. कर सहित रु. ११,०१,९७६।-मा सबैभन्दा घटिवाला विराट हेल्थ केयर ईण्डष्ट्रिज प्रा.लि. , मोरङको बोलपत्र स्वीकृत गरेको देखियो। भौ.नं. ३९४ मिति २०८१/०३/२४ बाट ५३,००० पाकेट खरिद गरी रु. ११,०१,९७६।– विराट हेल्थ केयर ईण्डष्ट्रिज प्रालि विराटनगरलाई भुक्तानी गरेको देखियो । सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १५ मा स्थानीय तहको उप-प्रमुखको अध्यक्षतामा स्थानिय तह भित्रका सामुदायिक विद्यालयका छात्राहरुलाई आवश्यक पर्ने सेनिटरी प्याड समयमै खरिद तथा वितरण भए नभएको अनुगमन गर्ने, उपलब्ध सामग्री सदुपयोग भए नभएको र प्रयोग भएका सामग्रीको वातावरणमा प्रतिकूल असर नपर्ने गरि विसर्जन भए नभएको अनुगमन गर्ने लगायतका कार्यहरु गर्ने उल्लेख भएकोमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको छैन, त्यस्तै कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याडको स्पेशिफिकेसन बमोजिम गुणस्तर प्रमाणित गरी आम्दानी बाध्नुपर्नेमा सो भए गरेको देखिएन ।

५१ **बजेट निष्कृय**

अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियनको लागि रु. ३० लाख बजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन नभई बजेट खर्च गरेको देखिएन । बजेट निष्कृय हुने गरी बजेट व्यवस्था हुनु उपयुक्त देखिएन । बजेट खर्च नहुँदा लक्षित वर्गले बजेट खर्चको प्रतिफल प्राप्त गर्न नसक्ने हुनाले कार्यान्वियनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रममा पालिका अन्तर्गत ७ वटा वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ५२८ जनालाई औसत १३ दिनले १७४ दिन रोजगारी उपलव्ध गराई रु.४६,४८,२८७।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको सुनिश्चत गरेको देखिएन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५३ **तराई मधेश समृद्धि कार्यक्रम** - (१३-२०८१-१-१६):

तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को दफा ५(१) मा यस कार्यक्रम अन्तर्गत सञ्चालित योजनाको अधिकत्तम ७० प्रतिशत र स्थानीय तहको न्यूनतम ३० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रम अन्तर्गत श्री रक्तसञ्चार केन्द्र निर्माणको कार्यसम्पन्न प्रतिवेदन रु २४६४०१२।२९(जनश्रमदान बाहेक) को पेश भएकोमा उक्त रकमको ७० प्रतिशतले हुने रु १७२४८०८।६० मात्र निर्देशिका बमोजिम पालिकाले खर्च लेख्नुपर्नेमा तराई मधेश कार्यक्रमबाट रु २४६४०१२।२९ खर्च लेखेको पाईएकोले पालिकाको तर्फबाट बढी खर्च ब्यहोरेको रु ७३९२०३।६८ सोधभर्ना माग गरी संघीय सरकार सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३९,२०३.६८ |

५४ **माछा बजार ट्रस निर्माण** - (३१४-२०८१-३-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम सरकारी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम तथा शर्तको अधिनमा रही खर्च लेख्नुपर्ने व्यवस्था छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत रु ४५,००,०००।०० श्री जनता माध्यमिक विद्यालय बर्दिबासलाई रु.४५,००,०००।०० निकासा भएकोमा उक्त अनुदानबाट ICT व्यवस्थापन, विज्ञान प्रयोगशाला, शैक्षिक योजना कार्यान्वियन लगायत कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । माछा बजार ट्रस निर्माणको लागि रु. ८०६५३६।३१ खर्च गरेको सम्बन्धमा छलफल हुँदा कृषि तर्फ कमाउदै पढदै कार्यक्रम अन्तर्गत खर्च गरेको जवाफ दिएको भएतापनि तोकिएको कार्यको स्पष्टता नगरी खर्च गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,०६,५३६.३१ |

५५ **विद्यालय भौतिक निर्माण** -

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ८.३ बमोजिम नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप छनौट भएको विद्यालयलाई रु १ करोड भुक्तानी गर्ने व्यवस्था अनुरुप जनता माध्यमिक विद्यालय बर्दिबासलाई भौतिक पूर्वाधार निर्माणको लागि देहाय बमोजिम रु ८९९००००।०० निकासा गरेकोमा रु८३३८९३६।०० को मात्र कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले बाँकी रकम रु ६५१०६४।०० को कार्यसम्पन्न प्रतविदन पेश हुनुपर्ने देखिएको रु.......

| क्र सं | विद्यालयको नाम | निकासा प्रयोजन | जम्मा निकासा रकम | कार्यसम्पन्न प्रतिवेदन | बाँकी रकम |
|---|---|---|---|---|---|
| ०७।२०८०।१०।१९ | जनता माध्यमिक विद्यायल | भौतिक पूर्वाधार निर्माण | ५००००००.०० | ५२४१२१५.१४ | ६५१०६४.०० |
| २४।२०८१।०३।२४ | जनता माध्यमिक विद्यायल | भौतिक पूर्वाधार निर्माण | ८९२२७९.०० | | |
| २८।२०८१।०३।२४ | जनता माध्यमिक विद्यायल | १२ कोठे भवनको पर्खाल निर्माण उ स | ३०९७७२१.०० | ३०९७७२१.०० | ०.०० |
| जम्मा | | | ८९९००००.०० | ८३३८९३६.०० | ६५१०६४.०० |
| | | | | प्रमाण पेश नगरेको | ६,५१,०६४ |

५६ **रद्द रसिदको विवरण**

पालिकाले राजस्व व्यवस्थापनको लागि प्रयोगमा ल्याएको सांग्रिला माइक्रोसिस्टम प्रा.लि.ले उत्पादन गरेको सफ्टवेरमा निम्नानुसार रसिदहरु रद्द भएको देखिन्छ । ती रसिदहरु रद्द भएको भनी राजस्व शाखा प्रमुख तथा कार्यालय प्रमुखले प्रमाणित गरेको देखिएन । जसले गर्दा ती रसिदहरुबाट रकम संकलन भए नभएको यकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकाले थप छानबिन गरी ती रसिदबाट राजस्व संकलन भए/नभएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| सि.नं. | करदाताको नाम | रसिद नम्बर | रकम रु. | संकलन केन्द्र | रद्द हुनुको कारण | प्रयोगकर्ताको नाम |
|---|---|---|---|---|---|---|
| १ | मलेछिया देवी साह तेली | १०१२६ | १०५७.११ | वडा नं०६ सम्पती संकलन केन्द्र | वडा न० ६ को भुलवस मिस्टेक | पर्शुराम थापा |
| २ | मलेछिया देवी साह तेली | १०१३४ | ११००.१९ | वडा नं०६सम्पती संकलन केन्द्र | वडा न० ६ को भुलवस मिस्टेक | पर्शुराम थापा |
| ३ | राम कुमार निरौला | ११४५ | २०३२८ | नगरपालिका नगदि संकलन केन्द्र | २३९५८ हुनुपर्नेमा २०३२८ भएकोले | बिनिता दहाल घिमिरे |
| ४ | मोहन कुमार खड्का | १३ | ३६१२५.७६ | नगरपालिका नगदि संकलन केन्द्र | हिसाव नमिलेको | बिनिता दहाल घिमिरे |
| ५ | भानुभक्त पोख्रेल | १८९३ | ३१००० | नगरपालिका नगदि संकलन केन्द्र | भुलवस २०७९।८० र २०८०।८१को एउटै रसिद कटिएकोले | बिनिता दहाल घिमिरे |
| ६ | कर्ण कुमारी बुढाथोकि | २ | ९७५ | वडा न १ सम्पत्ति कर संकलन केन्द्र | बडा नं १ को मिस्टेक इन्ट्रि | जिवनाथ पोखरेल |
| ७ | हिरा कुमारी अधिकारी | २०१८ | ३७१४२.१ | नगरपालिका नगदि संकलन केन्द्र | वहाल रकम बढिभएकोले | बिनिता दहाल घिमिरे |
| ८ | नर बहादुर सेन ठकुरी | ८६१ | १९९९९.८ | नगरपालिका नगदि संकलन केन्द्र | श्रावण, भाद्र , अशोज हुनुपर्नेमा भदौ , अशोज , कार्तिक भएकोले | बिनिता दहाल घिमिरे |

५७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,५३,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु.४,७२,८४,२९७।०८ अर्थात अनुमान भन्दा ३३.९५ प्रतिशत बढी आय प्राप्त गरेको छ । न्यून आय प्रक्षेपण गरेको कारणले लक्ष्यभन्दा बढि राजस्व असूली स्थिति देखिएको छ । तसर्थआम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५८ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०,८५,३१,७७७।३८ | ४,७२,८४,२९७।०८ | ११.५७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५९ **व्यावसाय कर :-**

नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५(३) मा नगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय करको दर अनुसूची - ६ मा उल्लेखित दरको आधारमा कर असूल गरिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसारका फर्महरुले वार्षिक नविकरण गर्नको लागि कर तिरेको नदेखिएकोले कर असूल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

| सि. न . | फर्मको नाम | कर रकम |
|---|---|---|
| १ | रातु कमला बालुवा गिट्टी प्रशोधन उद्योग | ३०,०००।- |
| २ | शुभदिप गिट्टी, बालुवा बासिङ्ग सेन्टर | ३०,०००।- |
| ३ | न्यू पञ्चधुरा गिट्टी वालुवा वासिङ्ग एण्ड क्रसर उद्योग | ३०,०००।- |
| ४ | श्री पञ्चधुरा माई बालु गिट्टी वासिङ्ग सेन्टर | ३०,०००।- |
| ५ | माँ मनोकामना गिट्टी बालुवा वासिङ्ग उद्योग | ३०,०००।- |
| ६ | मनकामना रोडा वालुवा एग्रिगेसन् प्रा. लि . | ४२,०००।– (बक्यौता १५००० समेत) |
| ७ | सुमित बालुवा प्रशोधन उद्योग प्रा. लि . | ३०,०००।- |
| जम्मा | | २,२२,०००।- |

| असुल गर्नुपर्ने | २,२२,००० |
|---|---|

६० **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने

र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । पालिका अन्तर्गत रहेका विभिन्न वडा कार्यालयलहरुले आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । यसरी ढिला गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले पालिका र सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

६१ **लगत अद्यावधिक गरी नराखेको**

पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

६२ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक**

पालिकाको आर्थिक ऐन, २०८० अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्याको परिमाणमा फरक देखिएकोले पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी वडा कार्यालयले दस्तुर लाग्ने सिफारिस वापत दस्तुर लिईएको हो होईन सम्बन्धि यकिन गर्नुपर्ने अवस्था रहेको छ।

| वडा नं. | चलानी किताबमा सिफारिसको संख्या | नगदी रसिदको संख्या | फरक संख्या |
|---|---|---|---|
| वडा नं. २ | १६८३ | १३९४ | २८९ |
| वडा नं. ३ | २४९९ | २२९३ | २०६ |
| वडा नं. ५ | २२६४ | ११०० | ११६४ |
| वडा नं. 6 | २०८८ | १८६६ | २२२ |
| वडा नं. 7 | १३१३ | ९९२ | ३२१ |
| वडा नं. ८ | २३३२ | ११०७ | १२२५ |
| वडा नं. ९ | २०२७ | २१२२ | -९५ |
| वडा नं. १० | १५११ | ८४० | ६७१ |
| वडा नं. ११ | १२७९ | ७७३ | ५०७ |
| वडा नं. १४ | २२६७ | २०२० | २४७ |

६३ **सम्पत्ति कर/मालपोत कर, व्यवसाय कर र वहाल करको तुलनात्मक स्थिति :**

कार्यालयले करदाताको दायरा बढाई नयाँ राजस्व आर्जन हुने स्रोतको खोजी गर्दै राजस्व वृद्धि गर्नुपर्दछ । कार्यालयबाट प्राप्त आ.व. २०७९/८० र २०८०/०८१ को तुलनात्मक स्थिति निम्नानुसार रहेको छ ।

| कर तथा राजस्वको श्रोतको अभिलेख | २०७९/ ८० को खुद आय (रु.) | २०७९/ ८० को करदाता संख्या | २०८०/ ०८१ को खुद आय (रु.) | २०८०/ ०८१ को करदाता संख्या |
|---|---|---|---|---|
| सम्पत्ति कर/ मालपोत कर | ८१,५८,९५३।९२ | ९४५२ | १,६४,५०,७७४।४७ | ९४०० |
| व्यवसाय कर | २९,८०,२२५ | ५७० | ४४,३६,०३० | ५४८ |
| बहाल कर | ५,७०,१३,२२४।४१ | ३५१ | ११,०५,१२,०७३।७४ | ४२४ |

उपरोक्त तथ्यांकको आधारमा अघिल्लो आ.व. भन्दा यस आ.व. मा कर रकममा बढोत्तरी भएको तर करदाता संख्या गत वर्ष भन्दा घटेको देखिन्छ । नगरपालिकाले नयाँ करदाता पहिचान एवं वृद्धि गराउदै करको दर भन्दा दायरा बढाउन ध्यान दिनुपर्ने, साथै राजस्वको प्रक्षेपित अनुमानलाई वस्तुनिष्ठ आधारमा लक्ष्य निर्धारण गर्नुपर्दछ ।

६४ **राजस्व बक्यौता :**

कार्यालयले सालवसाली रुपमा ऐनले तोके बमोजिम राजस्व असूल गर्नुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा कर संकलन हुन बाँकी देखिएको छ ।करदाता शिक्षा लागु गर्ने कर प्रणालीलाई सरल र कर मैत्री प्रशासनको माध्यमबाट कर असूली कार्ययोजना बनाइ कर असूल गर्नुपर्दछ । संकलन हुन बाँकी बक्यौता कर रकम नगरपालिकाले प्रदान गर्ने सेवासग आबद्ध गरी गराइ तोकिएबमोजिम जरिवाना, शुल्क, दस्तुर समेत लिई संकलन हुन बाँकी कर रकम असूल हुनुपर्दछ । यस सम्बन्धमा छलफल हुदा कार्यालयले बक्यौताको लगत राखेको र सेवाग्राहीले नगरपालिकाबाट सेवा प्राप्त गर्दाको बखत लगत बमोजिम असूल गरीने जवाफ दिएको छ ।

| कर शीर्षकहरु | करदाता संख्या | संकलन हुन बाँकी रकम |
|---|---|---|
| सम्पत्ति कर मालपोत कर | १४२२४ | ३,९०,८९५.१५ |
| व्यवसाय कर | ९६६ | २,११,३६० |
| वहाल कर | ५९९ | ३,९५,५८९.२६ |
| जम्मा | १५७८९ | ९,९७,८४४.४१ |

६५ **व्यवसाय कर**

व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४४,३६,०३०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६६ **कर तथा शुल्क असुली**

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 50,00,000.00 | 61,78,232.40 | १२३.५६ |
| घरजग्गा वहाल कर | 90,00,000.00 | 1,29,34,035.74 | 143.71 |
| व्यवसाय कर | 32,00,000.00 | 25,95,830.00 | 81.12 |
| वहाल विटौरी शुल्क | 1,00,000.00 | 555 | 0.555 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६७ **आय ठेक्का सम्बन्धमा**

आय ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

६७.१ **आय ठेक्का घटी मूल्यांकन** : बर्दिबास नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्न छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्नको लागि आर्थिक ऐन, २०८० पारित गरेको देखिन्छ । नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १४ मा पालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा एवं माटो जस्ता निर्माणमुखी खानीजन्य वस्तुहरु बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणको आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का वढावढ गरी बिक्री गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-१४ मा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको प्रति घन फिट ७।- न्यूनतम बिक्री दर तोकिएको छ । निम्नानुसार नदि तथा घाटहरुको वातावरणीय प्रभाव मूल्यांकन (EIA), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) बाट देहायबमोजिमको परिमाण उत्खनन एवं बिक्री गर्न सक्ने प्रतिवेदन दिएको देखिन्छ । पालिकाको आर्थिक ऐन, २०८० ले तोकेको दरले परिमाणको गणना गरी न्यूनतम मूल्य कायम गरी वढावढ बोलपत्रद्वारा गरी बिक्री गर्नुपर्नेमा घटी न्यूनतम मूल्यांकन कायम गरेको देखियो ।

| नदि/ खोलको नाम | उत्खनन् हुने परिमाण | न्यूनतम कबोल अकं कायम हुनुपर्ने (मू. अ . कर बाहेक) रु . | कायम गरेको न्यूनतम कबोल अकं (मू. अ . कर बाहेक) रु . | पालिकाको आर्थिक ऐन अनुसार घटि न्यूनतम मूल्यांकन रकम रु. |
|---|---|---|---|---|
| रातु खोला-किसान नगर खण्ड | ८०११०. ९९घ . मी . | १, ९७ , ९४ , ०८८।४९ | १, ४१ , ३८ , ६३५। - | ५६, ५५ , ४५३।४९ |
| रातुखोला-फूलबारी टोल खण्ड | ६७२८८. ६७ घ . मी . | १, ६६ , १७ , ६०९।९४ | १, १८ , ६९ , ७२२। - | ४७, ४७ , ८८७।९४ |
| रातु खोला-जुरेटोल खण्ड | ८०११५. ४५ घ . मी . | १, ९७ , ८५ , ३११।५३ | १, ४१ , ३२ , ३६६। - | ५६, ५२ , ९४५।५३ |
| रातुखोला – पथलैया खण्ड | ६७१२६. ४६ घ . मी . | १, ६५ , ७७ , ५५०।५६ | १, १८ , ४१ , १०८। - | ४७, ३६ , ४४२।५६ |
| जम्मा | | ७, २७ , ७४ , ५६०।५२ | ५, १९ , ८१ , ८३१ | २, ०७ , ९२ , ७२९ |

६७.२ **दहत्तर बहत्तर शुल्क** : मधेश प्रदेश सरकारको आर्थिक ऐन २०८०को दफा ८ (६) मा सम्बन्धित स्थानीय प्रमुखले ढुङ्गा गिट्टी, बालुवा, माटो दहात्तर बहत्तर शुल्कको चालित प्रतिशत रकम प्रदेश संचितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु.४,८५,९४,८७०।०० (मू.अ.कर समेत) गिटी, ढुङ्गा, बालुवा, माटो बापत प्राप्त रकम विभाज्य कोषमा मौज्दात रहेको छ। उक्त रकम सर्वोच्च अदालतमा मुद्धाको कारबाही किनारा नलागेसम्म बाँडफाँड नभएको जनाएको छ ।

६७.३ **नदिजन्य पदार्थको उत्खनन** : नदिजन्य पदार्थको उत्खनन र बिक्री वितरण नगरपालिकाको क्षेत्रभित्र रहेको रातु खोलाको नदिजन्य पदार्थको उत्खनन. मेसिन, औजार प्रयोग, ओसारपसार, भण्डारण तथा बिक्री वितरणको कार्य प्रचलित नीति, नियम, मापदण्ड भित्र रहि त्यस न.पा. र देवविष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स , बर्दिबास र राजेश एण्ड ब्रदर्श निर्माण तथा सप्लायर्स प्रा.लि. बीच सो कार्य गर्न

गराउन भएको सम्झौता बमोजिम उत्खनन गरेको परिमाण जिल्ला समन्वय समिति, महोत्तरी र बर्दिबास नगरपालिकाको मिति २०८०/१०/११ को संयुक्त अनुगमन प्रतिवेदनको कार्यालयबाट प्राप्त विवरणको आधारमा निम्न बमोजिमको परिमाण अदालतको आदेशबाट कार्यालयले रोक लगाउनु भन्दा अगाडी उत्खनन परिमाण उल्लेख गरेको देखिन्छ। ठेक्का पट्टा हुँदा सकारकर्ताले कबोल गरेको दर भन्दा नगरपालिकाको आर्थिक ऐन, २०८० को दर बढि भएको देखिन्छ । यस सम्बन्धमा छलफल हुँदा प्रदेश आर्थिक ऐन वमोजिम न्यूनतम मूल्यांकन कायम गरी ठेक्का व्यवस्था गरेको जवाफ दिएको छ ।

| ठे.नं. | खण्ड | अनुमगनबाट प्रमाणित परिमाण(घ.मि.) | कबोल गरेको दर (प्रति घ.मि.) | जम्मा |
|---|---|---|---|---|
| ०१/०८०/८१ | रातुखोला किसान नगर खण्ड | १३०९८.८१ | २२७.०७ | २९७४३६६.०० |
| ०२/०८०/८१ | रातुखोला जुरेटोल खण्ड | १२४३३.३३ | २२४.६८ | २७९३४६८.०० |
| ०३/०८०/८१ | रातुखोला फूलबारी टोल खण्ड | २३६६६.६७ | २२४.४१ | ५३१०९४९.०० |
| ०४/०८०/८१ | रातुखोला पथलैया खण्ड | ४०१५०.०० | १९३.६८ | ७७७६२२०.०० |
| जम्मा | | ८९३४८.८१ | | १८८५५००३.०० |
| मू.अ. कर थप (१३%) | | २४५११५०.०० | | २८६८५२५.६७ |
| मू.अ. कर सहित कूल जम्मा | | २१३०६१५३.०० | | २४९३४१०७.७९ |

६७.४ उपरोक्त अनुसारको उत्खनन् प्रमाणित प्रतिवेदनको आधारमा मू.अ. कर सहित रु. २,४९,३४,१०७.७९ कार्यालयले रोक लगाउनुपूर्वको उत्खनन परिमाण एवं कबोल अकंको दरले हुने रकम प्राप्त हुनुपर्ने सम्बन्धमा छलफल हुँदा सकारकर्ताहरुले पचाँस प्रतिशत नगद र पचास प्रतिशत बैकं जमानत पेश गरेको र अदालतको आदेशानुसार गर्ने गरी अग्रीम जमानत रकम र बैकं जमानत यथावत राखिएको जवाफ दिएको छ । अनुगमन समिति समेतले प्रमाणित गरेको परिमाणको सामग्रीबाट राजस्व प्राप्त गर्नुपर्ने र सकारकर्ताले कार्यालयमा बुझाएको रकम र रोक लगाउनु पूर्वको उत्खनन परिमाणको सम्बन्धमा फैसला बमोजिम गर्नुपर्ने देखिएको छ ।

६७.५ नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १४ मा आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक एवं निजी आवादीमा वातावरणीय प्रभाव मूल्यांकनबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता सामग्री उत्खनन एवं बिक्री वितरण गर्दा अनुसूची १४ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल र रोडाको प्रति घन फिट रु ७।- र माटो, पाँगो माटो प्रति घनफिट रु २।- का दरले बिक्री दर तोकेको देखिन्छ । बर्दिबास न.पा.- ४ का धन बहादुर तामाङको कित्ता नं. ५२५ क्षेत्रफल ०-८-०(८ कठ्ठा) को निजी हकभोगको जग्गा सम्याउने क्रममा उत्खनन हुने ढुङ्गा, माटोको परिमाण र दर निम्न बमोजिम रहेको छ । वातावरणीय प्रभाव मूल्यांकनको आधारमा कार्यालयको च.नं. १४१४ मिति २०८०/०८/१० को पत्रबाट स्वीकृत दिएकोमा प्रतिवेदन अनुसार माटो र ढुङ्गा गिट्टीको परिमाण देहाय अनुसार छ :

| क्र.स. | वस्तु | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | माटो | ३६४७.२० घ.मि. | दर २।- (जम्मा परिमाणको ४०प्रतिशत) | रु. २,५७,३४६.४३ |
| २ | ढुङ्गा, गिट्टी | ५४७०.८० घ.मि | दर ७।- (जम्मा परिमाणको ४०प्रतिशत) | रु. १३,५१,०६८.७६ |
| जम्मा | | ९११८ घ.मि | | रु १६,०८,४१५.१९ |

उपरोक्त रकम रु १६,०८,४१५.१९ को मू.अ. कर रकम रु. २,०९,०९४।– मू.अ. कर दाखिला गर्ने राजस्व शीर्षक ३३३१७ मा दाखिला गर्नुपर्नेमा नगरपालिका विभाज्य कोषमा दाखिला गरेकोले सो रकम विभाज्य कोषबाट खर्च लेखि मू.अ. कर दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,०९,०९४ |
|---|---|

६७.६ नगरकार्यपालिकाको कार्यालय, बर्दिबासले आव २०८०/०८१ मा देहाय बमोजिम उत्खनन हुन सक्ने परिमाण तोकि ठेक्का वन्दोवस्त गर्न सूचना प्रकाशन गरेकोमा ठेक्का सकार एवं सम्झौता गरेको देखियो ।ठेक्का सम्झौता गरी शर्तहरु तोकि सकारकर्तालाई चलन पूर्जि समेत दिएको र सम्झौताको शर्त बमोजिम कबोल रकमको पचास प्रतिशत नगद जम्मा र बाँकी पचास प्रतिशतको बैकं जमानतको आधारमा सम्झौता गरेको देखियो । ठेक्का सम्झौता भइसकेपछि विभिन्न वातावरणसँग सम्बन्धित गैर-सरकारी संस्था वा स्थानिय व्यक्तिहरुको अवरोधको कारण र ठेक्काको शर्त अनुसारको उत्खननको कार्य गर्न नपाएको भन्ने सम्बन्धमा परेको रिट उजुरी उपर अदालतको आदेशानुसार भनि बर्दिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बर्दिबासको च. नं. २६६१ मिति २०८०/१२/०७ को पत्रबाट आ.व. २०८०/०८१ को ढुङ्गा, गिट्टी, वालुवा एवं ग्राभेल उत्खननको लागि लिएको ठेक्का सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०/११/२० मा अल्पकालीन अन्तरिम आदेश जारी भई उत्खननको कार्य तत्काल रोक्नु भन्ने आदेश भएकोले उत्खनन् कार्यमा रोक लगाएको देखिन्छ ।

| ठे. नं . | खण्ड | सकारकर्ता | सकार रकम रु. |
|---|---|---|---|
| ०१/ ०८० / ८१ | रातुखोला किसान नगर खण्ड | देवविष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . महोत्तरी , बर्दिबास | १, ८२ , ०० , ०००।- |
| ०२/ ०८० / ८१ | रातुखोला जुरेटोल खण्ड | देवविष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . महोत्तरी , बर्दिबास | १ , ८० , ०० , ०००। - |
| ०३/ ०८० / ८१ | रातुखोला फूलबारी टोल खण्ड | देवविष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . महोत्तरी , बर्दिबास | १, ५१ , ०० , ०००। - |
| ०४/ ०८० / ८१ | रातुखोला पथलैया खण्ड | राजेश एण्ड ब्रदर्श निर्माण तथा सप्लायर्स | १, ४६ , ९१ , १२८। - |

उक्त ठेक्काको सम्बन्धमा सर्बोच्च अदालतमा मुद्दा विचाराधीन रहेको उल्लेख गरी सकार रकमको ५० प्रतिशत नगद दाखिला र बैकं जमानतबाट ५० प्रतिशत समेतको रकम एवं मू.अ. कर समेतको फैसला बमोजिम अन्तिम टुङ्गो लागेपछि कारबाही गरिने नगरपालिकाले जनाएको छ ।

## ६८ मृत्यु पश्चातको समेत भत्ता वितरण

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको जिवित हुदाँ पाकेको भत्ता निजको मृत्यु भएमा मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । लेखापरीक्षण योजनानुसार नगरपालिकाको ४ वटा (वडा नं.१,३, १० र १३) श्रेस्ता परीक्षणमा वडाको सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम गएको देखिन्छ । कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा बढी भुक्तानी भएको रकम रु. ४०००।- असूल हुनुपर्ने अन्यथा पुरै रकम भुक्तानी नभई फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने रु.

| वडा नं. | लाभग्राहीको नाम | परिचयपत्र नं. | मृत्यु भएको मिति | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|
| १० | सन्त बहादुर घिसिङ | 1999123063291 | २०८१- ०२ - ३१ | ८००० | १२००० | ४००० | चौथो |

| असुल गर्नुपर्ने | ४,००० |
|---|---|

## ६९ पारदर्शिता र अनुगमन तथा निरीक्षण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार

गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

७० **बर्दिबास अस्पताल तर्फ**

बर्दिबास अस्पतालको आयव्यय विवरण

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | आम्दानी | जम्मा | विवरण | खर्च | जम्मा |
| आन्तरिक आम्दानी | | १६००३८११.१४ | अस्पतालको आन्तरिक तर्फको खर्च | १५०६४०७० | |
| गत वर्षको अल्या | ५०५२८४९.०० | | स्वास्थ्य वीमा | २६४९१७१ | |
| अस्पताल तर्फ | १०७८४६२९.१४ | | निक साइमन्स | २६६१०२२ | |
| घरभाडा | १६६३३३.०० | | आमा सुरक्षा | ६१३५६८८ | |
| स्वास्थ्य वीमा | | ४४३५५०८.०० | कूल खर्च | | २६५०९९५१.०० |
| गत वर्षको अल्या | १०९९३०४.०० | | बैंक मौज्दात | ४५३९७८४.१४ | ४५३९७८४.१४ |
| स्वास्थ्य वीमा वोर्ड | ३३३६२०४.०० | | | | |
| निक साइमन्स | | ३०००६३६.०० | | | |
| कर्मचारी पारिश्रमिक | २४३३६३६.०० | | | | |
| घरभाडा | ५६७०००.०० | | | | |
| आमा सुरक्षा | ७६०९७८०.०० | ७६०९७८०.०० | | | |
| | | | | | |
| | ३१०४९७३५.१४ | ३१०४९७३५.१४ | | ३१०४९७३५.१४ | ३१०४९७३५.१४ |

उक्त आयव्यय विवरणको पेश भएसम्मको कागजातको आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न छन्

७०.१ **औषधि खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पच्चिस लाख रुपैयासम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यसै गरी सोही नियमावलीको नियम ८४ मा पचास लाख रुपैयासम्मको औषधि जन्य मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । अस्पतालले आर्थिक वर्ष २०८०।८१ मा विभिन्न भौचरहरुबाट निम्नानुसार रु.३४७६७१३।०० को औषधि तथा औषधिजन्य मालसामान सोझै खरिद गरेको छ । नियमावलीको व्यवस्था अनुसार सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन । पटक पटक बजेट प्राप्त भएको कार्यालयको भनाई रहेको छ । तसर्थ प्रतिस्पर्धि दरमा खरिद गर्नेतर्फ अस्पताललने ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा छलफल हुँदा पटक पटक बजेट प्राप्त भएको भन्ने कार्यालयको भनाई रहेको छ ।

| गो भौ नं | विवरण | आपूर्तक | रकम |
|---|---|---|---|
| ३।२०८०।५।२४ | औषधि खरिद | शिव मेडिकल स्टोर्स | ४९७९६२.०० |
| ११५।२०८०।६।२५ | औषधि तथा औषधिजन्य मालसामान | शिव मेडिकल स्टोर्स | ५५८७५.०० |
| १३९।२०८०।७।१५ | औषधि खरिद | पञ्चधुरा सर्जिकल | ४२७२६१.०० |
| १४०।२०८०।७।१७ | औषधिजन्य उपकरण | | ४९९६८६.०० |
| १४४ | औषधि तथा औषधिजन्य मालसामान | | ४८५९१८.०० |
| १४५।२०८०।७।१५ | औषधिजन्य मालसामान | | २०९४८३.०० |
| १५०।२०८०।७।१५ | औषधि तथा औषधिजन्य मालसामान | प्रमित फार्मेसी | ७४९२२५.०० |
| १५६।२०८०।७।१५ | औषधि तथा औषधिजन्य मालसामान | वेल केयर फार्मेसी | ३७३३५९.०० |
| १७०२०८०।७।१५ | औषधि तथा औषधिजन्य मालसामान | | १७७९४४.०० |
| | | | ३४७६७१३.०० |

७०.२ **मोबाइल फोन खरिद** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सातदिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । अस्पतालले सिर्जना ट्रेडर्स बर्दिबास १४ को बिल नं ३५५।२०८०।०८।०४ बाट सिर्जना पौडेलको निवेदनका आधारमा VIVO V2FE (8+128) १ थान मोबाइल फोन मू अ कर समेत ३९५००।०० मा खरिद गरेकोमा कुन प्रयोजनमा कसको लागि मोबाइल खरिद भएको हो सो खुलाएको छैन भने उक्त मोबाइल फोन अस्पतालमा दाखिला भएको समेत देखिदैंन । उक्त फोनको प्रयोजन र प्रयोग गर्न पाउने आधार सहित जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,५०० |

७०.३ **पारीश्रमिक कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा प्राकृतिक व्यक्तिको लागि लागु हुने करको दायरा तोकेको छ । अस्पतालले देहायका कर्मचारीहरुलाई पारिश्रमिक, प्रोत्साहन भत्ता, अतिरक्त समयको भत्ता समेत भुक्तानी गरेकोमा निजहरुको वार्षिक आम्दानीमा निम्नानुसार रु.५४६६७।०० पारिश्रमिक कर नपुग भएकोले सम्बन्धितबाट असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु.......

| नाम | वार्षिक कूल आम्दानी | कट्टी | कर योग्य आय | १ प्रतिशत | १० प्रतिशत | २० प्रतिशत | ३० प्रतिशत | जम्मा लाग्ने कर | कट्टा भएको कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| डा अशोक कुमार साह | १४११११११ | १४१६२२ | १२६९४८९ | ६००० | २०००० | ३३८९८ | ५०८४७ | ११०७४४ | ९७९३९ | १२८०५ |
| डा किशोर अधिकारी | १३२०४२५ | ० | १३२०४२५ | ६००० | २०००० | ४४०८५ | ६६१२८ | १३६२१३ | ९४३५१ | ४१८६२ |
| | | | | | | | | | | ५४६६७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१३,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१३,३०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,६६७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बर्दिबास नगरपालिका, महोत्तरी , बर्दिबास नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मानन्द जोशी | २०७९-२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सर्मिला कुमारी तामाङ्ग | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८९८,५०९.९४ | १५,८८५,६५१.३१ | ९,०३१,५४२.१२ | ० | ० | १,९२९,२०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २८,७४४,९०३.३७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २७,२९२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २८,७१७,६११.३७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३४९४१४०३७.१३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६०२२३२३०० | चालु खर्च | ५७५०५५०१७.०५ |
| प्रदेश सरकारबाट अनुदान | १७२४३००० | पूँजीगत खर्च | ३२८०३३५९१.४७ |
| राजश्व बाँडफाँट | २०३९११०५१.८७ | वित्तीय/अन्य व्यवस्था | ३९६८००९६२.२८ |
| आन्तरिक आय | ४७२८४२९७.०८ | | |
| अन्य आय | ३७५८३२९०७.४३ | | |
| कुल आय | १२४६५०३५५६.३८ | कुल खर्च | १२९९८८९५७०.८ |
| बाँकी मौज्दात | | २९६०२८०२२.७१ | |

## बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| पेश्की लिनेको नाम | चालु आ व को म्याद ननाघेको | चालु आ व को म्याद नाघेको | गत आ वव सम्मको | जम्मा पेश्की बाँकी |
|---|---|---|---|---|
| सि अ न मि राधिका गुरूङ | ० | ० | ५००००० | ५००००० |
| कार्यालय सहयोगी कुमार भट्टराई | ० | ७००० | ० | ७००० |
| सि अ हे व मिन बहादुर सेन | ० | ५५०००० | ० | ५५०००० |
| अधिकृत छैटौं राम बाबु यादव | ० | ९२००० | ० | ९२००० |
| अधिकृत छैठौं सिता कुमारी | ० | ३०००० | ० | ३०००० |
| अधिकृत छैठौं सिता कुमारी | ० | ७०२०० | ० | ७०२०० |
| सहायक पाँचौ जितेन्द्र प्रसाद बराल | ० | १००००० | ० | १००००० |
| पशु चिकित्सक पशुपति दहाल | ० | ६०००० | ० | ६०००० |
| पशुचिकित्सकपशुपति दहाल | ० | १००००० | ० | १००००० |
| पशु चिकित्सक पशुपति दहाल | ० | ३०००० | ० | ३०००० |
| पशु चिकित्सकपशुपति दहाल | ० | १२००० | ० | १२००० |
| पशु चिकित्सकपशुपति दहाल | ० | १०००० | ० | १०००० |
| पशुचिकित्सक पशुपति दहाल | ० | १०००० | ० | १०००० |
| पशुचिकित्सक पशुपति दहाल | ० | ५०००० | ० | ५०००० |
| जि.एस.निर्माण सन्सार कम्पनी प्रा.लि. | ० | ० | ६६०९०० | ६६०९०० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० | १६८००० | १६८००० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० | १००००० | १००००० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० | ९४००० | ९४००० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० | १६८००० | १६८००० |
| देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० | २०००००० | २०००००० |
| मनासलु ईनर्जी प्रा.लि. | ३००००० | ० | ० | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| बाके ठाकुर निर्माण सेवा | २९९००० | ० | ० | २९९००० |
| मनासलु ईनर्जी प्रा.लि. | ३००००० | ० | ० | ३००००० |
| युनिभर्सल कन्स्ट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट | ० | ० | ६१६०९६ | ६१६०९६ |
| युनिभर्सल कन्स्ट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट | ० | ० | १०१६०९६ | १०१६०९६ |
| युनिभर्सल कन्स्ट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट | ० | ० | १२३७३८६ | १२३७३८६ |
| युनिभर्सल कन्स्ट्रक्सन एण्ड वाटर ट्रिटमेन्ट | ० | ० | ७७५१०० | ७७५१०० |
| युनि ग्लोबल कन्स्ट्रक्सन प्रा. लि. | ० | ४२०००० | ० | ४२०००० |
| बविता निर्माण सेवा | ० | ३६०००० | ० | ३६०००० |
| नेपाल विद्युत प्राधिकरण गौशला वितरण केन्द्र | ६५००००० | ० | ० | ६५००००० |
| बर्दिवास हेल्प फाउण्डेशन प्रा.लि. | ७५००० | ० | ० | ७५००० |
| आधारभुत शहरी स्वास्थ्य केन्द्र चल्की वडा न .१२ | ० | १५००० | ० | १५००० |
| शान्ता ओम कन्स्ट्रक्सन प्रा.लि. | २७०००० | ० | ० | २७०००० |
| शान्ता ओम कन्स्ट्रक्सन प्रा.लि. | ३४०००० | ० | ० | ३४०००० |
| धनराज लामा | ० | ० | ३६६००० | ३६६००० |
| विन्दु नेपाली | ० | ० | ६१२४१ | ६१२४१ |
| सुवास भट्टराई | ० | ० | २५०० | २५०० |
| सोम कुमार फुयाल | ० | ० | ८०० | ८०० |
| सोम कुमार फुयाँल | ० | ० | ३०००० | ३०००० |
| | ८०८४००० | १९१६२०० | ७७९६११९ | १७७९६३१९ |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| विद्यालयको नाम | कक्षा | नयाँ भर्ना भएका विद्यार्थी समेत इमिसमा प्रविष्ट विद्यार्थी संख्या | अनुदान गएको संख्या | बढी विद्यार्थी संख्या | दर | बढी निकासा |
|---|---|---|---|---|---|---|
| माध्यमिक विद्यालय गौरीडाँडा | ३ | ४७ | ५२ | 5 | ५८० | 2900 |
| श्री राष्ट्रिय सरस्वति मा वि कालापानी | ३ | १७ | २१ | 4 | ५८१ | 2324 |
| | ४ | १४ | २२ | 8 | ५९७ | 4776 |
| | ५ | २० | २७ | 7 | ६३४ | 4438 |
| | ६ | ३२ | ४० | 8 | ७०७ | 5656 |
| | ७ | २५ | ४० | 15 | ७४८ | 11220 |
| | ८ | २७ | ३९ | 12 | ८८२ | 10584 |
| | ९ | ३८ | ४० | 2 | ७७० | 1540 |
| श्री मा वि कामीडाँडा | १ | ३१ | ४५ | 14 | ५२० | 7280 |
| | ४ | १७ | १९ | 2 | ५९७ | 1194 |
| | ५ | २६ | २८ | 2 | ६३४ | 1268 |
| | ८ | ५३ | ६० | 7 | ८८२ | 6174 |
| | ९ | ७४ | ७९ | 5 | ७७० | 3850 |
| श्री दुर्गा मा वि पथलैया बजार | १ | ४० | ४५ | 5 | ५२० | 2600 |
| | २ | ३८ | ४९ | 11 | ५५६ | 6116 |
| | ३ | ३९ | ५० | 11 | ५८१ | 6391 |
| | ५ | ४८ | ५१ | 3 | ६३४ | 1902 |
| | ७ | ७२ | ८२ | 10 | ७४८ | 7480 |
| | ९ | ३७ | ४३ | 6 | ७७० | 4620 |
| जनहित नन्दहित मा वि चौलिखा | २ | २३ | ३४ | 11 | ५५६ | 6116 |
| | ३ | २९ | ३८ | 9 | ५८० | 5220 |
| | ८ | ५० | ५३ | 3 | ८८७ | 2661 |
| | ९ | ७९ | १०३ | 24 | ७७४ | 18576 |
| | १० | | | 0 | | 0 |
| मा वि हात्तिलेट | ६ | ३२ | ३७ | 5 | ७०७ | 3535 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ९ | ७३ | ८६ | 13 | ९२४ | 12012 |
| लक्ष्मिनारायण जनत मा वि खयरमारा | १ | १ | १० | 9 | ५२० | 4680 |
| | २ | ३ | १० | 7 | ५५६ | 3892 |
| | ३ | ३ | १० | 7 | ५८१ | 4067 |
| | ४ | ५ | १० | 5 | ५९७ | 2985 |
| | ६ | १९ | ३८ | 19 | ७०७ | 13433 |
| | ७ | २९ | ३३ | 4 | ७४८ | 2992 |
| | ९ | ४४ | ४६ | 2 | ७७० | 1540 |
| देउराली मा वि | ९ | ९८ | ११५ | 17 | ७७० | 13090 |
| दुर्गा मा वि | १ | ४० | ४४ | 4 | ५२० | 2080 |
| | २ | ३८ | ४९ | 11 | ५५६ | 6116 |
| | ३ | ३९ | ५० | 11 | ५८१ | 6391 |
| | ५ | ४८ | ५१ | 3 | ६३४ | 1902 |
| | ७ | ७२ | ८२ | 10 | ७४८ | 7480 |
| | ९ | ३७ | ४३ | 6 | ७७० | 4620 |
| ईच्छेश्वर मावि चेरु | ९ | १६ | २८ | 12 | ७७० | 9240 |
| | १० | १६ | २१ | 5 | ९२४ | 4620 |
| रा मा वि बनरझुला | १ | ४२ | ४४ | 2 | ५२० | 1040 |
| | २ | २१ | २५ | 4 | ५५६ | 2224 |
| | ३ | ३१ | ३५ | 4 | ५८१ | 2324 |
| | ४ | ३४ | ३९ | 5 | ५९७ | 2985 |
| | ५ | ३५ | ३८ | 3 | ६३४ | 1902 |
| जनमुखी आ वि पशुपतिनगर | ३ | २४ | ३२ | 8 | ५८१ | 4648 |
| | ४ | २६ | ३० | 4 | ५९७ | 2388 |
| रा मा वि छोड्के | १ | ११ | १९ | 8 | ५२० | 4160 |
| | ६ | १६ | १८ | 2 | ७०७ | 1414 |
| | ९ | २२ | २५ | 3 | ७७० | 2310 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सरस्वति मा वि खयरमारा बर्दिबास ११ | ९ | २१ | ३७ | 16 | ७७० | 12320 |
| जनता मा वि डाँडाटोल | ८ | ११० | ११७ | 7 | ८८२ | 6174 |
| जनजाग्रिति मा वि | १ | १७ | २१ | 4 | ५२० | 2080 |
| | ८ | १३ | १५ | 2 | ८८२ | 1764 |
| | | | | | | 277294 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।